भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**खुला जिल्लास्तरीय Slow Cycling Race प्रतियोगिता**

प्रतियोगिता
मिति : २०८२ माघ १० गते, शनिबार
समय : बिहान ८:३० बजे
दर्ता शुल्क : प्रतिव्यक्ति रु.१००।-
अन्तिम दर्ता गर्ने मिति : २०८२ माघ ०८ गते
सहभागी हुन पाउने : कक्षा ५ देखि कक्षा १० सम्मका
भेला हुने स्थान : सहकारी भवन
*आयोजक : खेलकुद उपसमिति*

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

**मजदुर दैनिक विज्ञापन शाखा**
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
**भाइबर नं.** : ९७४४४२४४६५
**Gmail :** majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २७ ★ अङ्क : ३५० ★ ने. सं. ११४६ पोहेला गा, चतुर्थी ★ बुधबार ★ २३ पुस, २०८२ ★ January 7, 2026, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

# सुरक्षा परिषद् बैठकमा अमेरिकाले भेनेजुयलामाथि गरेको एकतर्फी, अवैध र उत्पीडनमूलक कारबाहीको कडा निन्दा




संयुक्त राष्ट्र सङ्घ, २२ पुस । संयुक्त राष्ट्रसङ्घस्थित चिनियाँ स्थायी प्रतिनिधिमण्डलको कार्यवाहक प्रमुख सुन लैले जनवरी ५ का दिन भएको सुरक्षा परिषद्को भेनेजुयलाको स्थितिसम्बन्धी अत्यावश्यक खुला बैठकमा बोल्दै चीन अमेरिकाको एकतर्फी, अवैध र उत्पीडनमूलक कारबाहीबाट गहिरो आघातमा परेको र चीनले यसको कडा निन्दा गरेको बताउनुभएको छ ।

सुन लैले जोड दिँदै भन्नुभयो, अमेरिकालाई अन्तर्राष्ट्रिय समुदायको प्रबल आह्वानलाई गम्भीरतापूर्वक लिन, अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडा-पत्रको उद्देश्य तथा सिद्धान्तहरूको पालना गर्न, अन्य देशहरूको सार्वभौमिकतामाथि हस्तक्षेप रोक्न, भेनेजुयलाको सत्ता परिवर्तनको प्रयास बन्द गर्न, राजनीतिक समाधानका लागि छलफल गर्न र वार्ताको मार्गमा फर्कन चीनले आग्रह गरेको छ ।

सुन लैले भन्नुभयो, "भेनेजुयला एक स्वतन्त्र र सार्वभौमिक सम्पन्न राष्ट्र हो । यसलाई आफ्नो सार्वभौमिकता र राष्ट्रिय गरिमा रक्षा गर्ने पूर्ण अधिकार छ । चिनियाँ पक्षले भेनेजुयला सरकार र जनतालाई आफ्नो सम्प्रभुताको सुरक्षा र यथोचित हकहितको रक्षा गर्न दृढतापूर्वक समर्थन गर्दछ । यस क्षेत्रका राष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायसँग मिलेर एकजुट भएर सहयोगलाई बलियो बनाउन र साझेदारीमा ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रको शान्ति र स्थिरता संरक्षण गर्न चीन इच्छुक रहेको छ ।"

त्यस्तै संयुक्त राष्ट्र सङ्घका राजनैतिक मामिलाका उपमहासचिव रोजमेरी डिकार्लोले आकस्मिक बैठक डाक्नुको औचित्यमाथि प्रकाश पार्दै

*बाँकी पृष्ठ ८ मा*

# भक्तपुरलाई व्यवस्थित, सभ्य र अपराधमुक्त नगर बनाउन पहल




भक्तपुर, २२ पुस । भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा तुमचो दुगुरे चोखा आवास क्षेत्रको शान्ति सुरक्षाको अवस्थाबारे मङ्गलबार स्थानीय जनतासँग छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय जनताको साथ र सहयोगले भक्तपुरलाई व्यवस्थित, सभ्य र अपराधमुक्त नगर बनाउन पहल भइरहेको बताउनुभयो ।

नगरपालिकाले तुमचो दुगुरे आवास क्षेत्रमा व्यवस्थित आवास योजना सञ्चालन गरेर शिक्षा, स्वास्थ्य उपचार सुविधा र अदालत, मालपोत, नापी कार्यालयहरूमार्फत सरकारी सेवा प्रदानमा सहजता प्रदान गरेको उल्लेख गर्दै उहाँले यस क्षेत्रमा स्थायी र अस्थायी बसोबासी सबै नागरिकको सुरक्षित बन्दोबस्तका लागि सबैबाट हातेमालो हुनुपर्नेमा जोड दिनुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# भेनेजुयलामाथि अमेरिकी आक्रमणको भर्त्सना

काठमाडौँ, २२ पुस । भेनेजुयलामाथि अमेरिकाले गरेको आक्रमणको नेपाललगायत विश्वभरबाट विरोध भइरहेको छ । काठमाडौँ जिल्लाको तारकेश्वर नगरपालिका वडा नम्बर ७ फुटुङमा रहेको महालक्ष्मी इङ्गलिस हाईस्कूलमा अध्यापनरत शिक्षकहरूले पनि उक्त घटनाको विरोध जनाएका छन् । २०२६ जनवरी ३ का दिन अमेरिकाले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई अपहरण गरेको विषयलाई लिएर महालक्ष्मी इङ्गलिस हाईस्कूलका संस्थापक अध्यक्ष सनकमान महर्जन, प्रिन्सिपल विकास डङ्गोल, कोअर्डिनेटर प्रविन न्यौपानेलगायतका शिक्षकहरूले आ-आफ्नो विचार व्यक्त गर्दै अमेरिकी नीतिको विरोध गरे ।

विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले शिक्षकहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाप्रति जानकार हुनुपर्ने आवश्यकता औंल्याउँदै शिक्षक

*बाँकी पृष्ठ ८ मा*

"भिन्तुना साकोस: एक दिगो वित्तीय सहकारी"
**भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.**
Bhintuna Saving & Credit Co-operative Society Ltd.
ब्यासी, भक्तपुर-२, फोन नं. ०१-६६१७५८७, ९७५१८०७४२१

**उपस्थितिको लागि अनुरोध ।**

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनितिज्ञ श्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा जेष्ठ नागरिक दिवसको अवसरमा संस्थाको ७० वर्ष उमेर माथिका शेयर सदस्यहरु तथा जेष्ठ नागरिक बचतकर्ताहरुलाई सम्मान कार्यक्रम निम्न मिति, समय र स्थानमा गर्ने भएकोले सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम:**
मिति: २०८२ पौष २६ गते, शनिबार
समय: बिहान १०:३० बजे
स्थान: भक्तपुर नगरपालिका कार्यालय भवन अगाडी ब्यासी-२, भक्तपुर

**अनुरोधक: संचालक समिति**

Facbook: Bhintunasaccos Email: vintunasaccos@gmail.com

## सेन्ट्रल फाईनान्स लिमिटेडको २९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८२/०९/२३ गते

यस वित्तीय संस्थाको मिति २०८२ साल पौष ८ गते बसेको सञ्चालक समितिको ३६१ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान :**
मिति : २०८२ साल पौष ३० गते बुधबार (14th January 2026)
समय : बिहान १०.३० बजे
स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

**छलफलका विषयहरु :**
**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ साल असार मसान्तको वासलात तथा मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे ।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**(ख) विशेष प्रस्ताव**
१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगायतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**
१. यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभाको लागि कम्पनीको शेयर नामसारी, दाखिला खारेज कार्य मिति २०८२/०९/१७ गते बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द हुनुभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई नियमानुसार नामसारी, दाखिल खारेज भई आएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन सक्ने छन् ।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यसअघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
६. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।
७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
८. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ ।
९. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।
१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
केन्द्रीय कार्यालय: कानदेवस्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५

# टोखामा महिला भेटघाट कार्यक्रम



काठमाडौँ, २२ पुस । नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिको आयोजनामा मङ्गलबार टोखामा भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले महिलाहरू हरेक कामको लागि सक्षम भएको उल्लेख गर्दै घरको चुलोचौको सँगसँगै राजनीतिक, सामाजिक रूपले पनि परिपक्व हुनुपर्ने विचार राख्नुभयो ।

उहाँले महिलाहरूको भेटघाट नियमित गर्नु भनेको एक आपसमा नयाँ नयाँ कुरा बुझ्ने र जान्ने अवसर भएको विचार व्यक्त गर्नुभयो ।

नयाँ पुस्ताको आन्दोलनपछि बनेको सरकार पनि असक्षम भएको चर्चा गर्दै उहाँले आन्दोलनमा दोषीहरूलाई अनुसन्धानको दायरामा ल्याई कडा सजाय गर्नुपर्नेमा सरकारले त्यसो गर्न नसकेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले महिला दिदीबहिनीहरू शासक दलले गरेका देशघाती र जनविरोधी कामको बारेमा जानकारी राख्नुपर्ने कुरा औँल्याउनुभयो । उहाँले घरका आफ्ना सन्तानलाई इमानदार र असल व्यक्ति बनाउनमा महिलाहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिका अध्यक्ष गणेशमाया श्रेष्ठ डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेक्रामसङ्घ काठमाडौँ जिल्ला समितिका सदस्य बिन्द्रा महर्जन, नेक्रामसङ्घ टोखा नगर समितिका कृष्णमाया डंगोल र मीना डंगोलले पनि बोल्नुभएको थियो ।

# निर्वाचन आउन ५८ दिन बाँकी

## आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा जोड

काठमाडौँ, २२ पुस । सूचना प्रविधिको प्रयोगले आचारसंहिता कार्यान्वयनमा थपेका चुनौती नियन्त्रणका लागि प्रभावकारी संयन्त्रको निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । केन्द्रीय आचारसंहिता अनुगमन समितिको पहिलो बैठकले सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मबाट निर्वाचनका समयमा प्रवाह हुने मिथ्या सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण जानकारीको नियन्त्रण गर्नेलगायत विषयमा विशेष संयन्त्र बनाएर नियन्त्रण गर्नुपर्नेमा जोड दिइएको हो ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा २६ को व्यवस्थाबमोजिम गठित केन्द्रीय आचारसंहिता अनुगमन समितिको पहिलो बैठकले आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै विशेष संयन्त्रको आवश्यकता औँल्याएको हो ।

समितिका संयोजक एवं निर्वाचन आयुक्त सगुन शम्शेर जबराको संयोजकत्वमा बसेको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी तथा आयुक्त डा. जानकीकुमारी तुलाधरसहित समितिका अन्य पदाधिकारीको उपस्थिति रहेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

बैठकमा आचारसंहिताको प्रभावकारी परिपालना एवं कार्यान्वयनका लागि अन्तरनिकाय सहकार्य, सोका लागि प्रचलित कानुनले तोकेका नियामक निकायको भूमिका, आचारसंहिता कार्यान्वयनका चुनौती र नियन्त्रणका विविध पक्षमा छलफल भएको थियो । बैठकमा सहभागी सदस्यहरूले आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि सचेतनामूलक, प्रवर्द्धनात्मक र दण्डात्मकजस्ता विधिलाई एकसाथ अघि बढाउन उपयुक्त हुने धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सामाजिक सञ्जाल नियमनको विषय महत्त्वपूर्ण भएको र आयोगले सबै संयन्त्रलाई प्रभावकारी रूपमा प्रयोग गर्नुपर्ने बताउनुभयो । उहाँले आचारसंहिता कार्यान्वयनमा प्रविधि दुरूपयोग रोक्ने प्रभावकारी संयन्त्रसहित नियामक निकाय, अनुसन्धान र अभियोजन गर्ने निकायसँगको सहयोग र सहकार्य अपरिहार्य रहेको धारणा राख्नुभयो ।

आयुक्त डा. तुलाधरले राजनीतिक दलहरूसँग परामर्श गरेर आचारसंहिता लागू गर्ने जानकारी गराउँदै निर्वाचनका समयमा प्रवाह हुने मिथ्या सूचना तथा भ्रमपूर्ण जानकारी न्यूनीकरणमा आयोग सचेत रहेको उल्लेख गर्नुभयो । अनुगमन समितिका संयोजक रहनुभएका निर्वाचन आयुक्त जबराले विगतका कमजोरीलाई सुधार गरी यसपटक निर्वाचन आचारसंहिता कार्यान्वयनमा गुणात्मक उद्देश्य हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

निर्वाचनको स्वच्छता र निष्पक्षताका लागि आचारसंहिता कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक रहेकाले सूचना प्रविधिको दुरूपयोगबाट हुने चुनौती रोक्न आयोगले सबैपक्षसँग सहकार्य गर्ने समितिका संयोजक जबराले स्पष्ट पार्नुभयो । बैठकमा निर्वाचन आयोग तथा विभिन्न मन्त्रालयका सचिव एवं सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो । *रासस*

# ऐतिहासिक सांस्कृतिक नगर कीर्तिपुर

✍ **विश्वराम**








काठमाडौँ उपत्यकामा रहेका विभिन्न ऐतिहासिक, सांस्कृतिक र सुन्दर नगरमध्ये कीर्तिपुर नगर पनि एक हो । यो नगर कला र संस्कृतिमा धनी नगर हो । यहाँ पनि बाघ भैरव, उमा महेश्वर, जगतपाल महाविहारलगायतका थुप्रै मन्दिर, विहार, पाटी, बाजागाजा र चाडपर्वहरू छन् । यहाँ आन्तरिक बाह्य पर्यटकहरूको आवागमन बढिरहेको देख्न पाइन्छ । यहाँ रहेका विभिन्न मन्दिरहरूमध्ये उमा महेश्वर पनि एक महत्त्वपूर्ण कलाले भरिएको मन्दिर हो ।

**उमामहेश्वर**

उमामहेश्वर कीर्तिपुर नगरको टुप्पोमा अवस्थित कलात्मक र सुन्दर मन्दिर हो । यो तीनतले प्यागोडा शैलीको पूर्वाभिमुख मन्दिर हो । यो मन्दिरको तीन नै तलामा छानामा काठका कलात्मक मूर्ति र टुँडालहरू छन् । मन्दिरभित्र उभिएको ढुङ्गाको उमा महेश्वरको करिब तीनफिटको मूर्ति प्रतिस्थापन गरिएको छ । यो उमा महेश्वरको रक्षार्थ अगाडिपट्टि खुड्किलो दायाँबायाँ तल एकजोर हात्ती र माथि भीमसेन र कुबेरको मूर्ति राखिएको पाइन्छ । यो मन्दिरको दक्षिणपट्टि करिब ५ फिट ढुङ्गाको त्रिशुल र उत्तरपट्टि घण्टा राखिएको हेर्न सकिन्छ । यो उमामहेश्वरको मूर्ति र मन्दिर सन् १६५५ मा ललितपुरका राजा सिद्धिनरसिंह मल्लको पालामा कीर्तिपुरका जनतालाई बनाउन लगाइएको थियो । यो मन्दिर कीर्तिपुरको सबभन्दा अग्लो स्थान १४१८ मिटरको उचाइमा रहेको छ । यहाँबाट गणेश, लाक्पा डोर्जे, गौरी शङ्करलगायतका हिमालहरू, प्रशिद्ध स्वयम्भू, काठमाडौँ, ललितपुर सहरको मनोरम दृश्य मज्जाले हेर्न सकिन्छ ।

**बाघ भैरव**

यो मन्दिर कीर्तिपुर नगरको माथिल्लो भागमा अवस्थित छ । यो प्राचीन र काष्ठकलाले भरिएको दक्षिणाभिमुख सुन्दर मन्दिर हो । यो मन्दिर तीनतले प्यागोडा शैलीमा बनाइएको छ । यो राजा शिवदेव तृतीयाको पालामा सन् १०९९ देखि ११२६ मा जनताले बनाएको मानिन्छ । मन्दिर परिसरमा १२ प्राचीन अस्त्रहरू, खड्ग, तरवार, भाला राखेको पाइन्छ । यसलाई लिच्छवि, मल्ल राजाको पालामा प्रयोग गरिएको हतियार मानिन्छ । यी अस्त्रहरू युद्धकालमा बाघ भैरवको शक्ति, अस्त्र सम्झेर कीर्तिपुरमा सेना र जनताले प्रयोग गरेको मानिन्छ ।

हरेक वर्ष भदौ १ गते यहाँका जनताले यो बाघ भैरवको बाजागाजाका साथ जात्रा मनाउँदै आएका छन् ।

**जगतपाल महाविहार**

जगतपाल महाविहार कीर्तिपुर नगरपालिका वडा नं. १० मा अवस्थित छ । यो स्थानीय जनसमुदायमा चिलंचो बहालको नामबाट बढी प्रसिद्ध छ । चिलंचो चैत्य स्थापना भइरहेको प्राङ्गणभित्र हुँदा यो विहारको नाम जगतपाल महाविहार भएको मानिन्छ । धार्मिक स्मारकका रूपमा स्थापित प्राचीन चिलंचो चैत्य कीर्तिपुर नगरका बौद्धमार्गीहरूका आस्थाको केन्द्रको रूपमा रहेको छ । महाविहारको अग्रभागमा भएको चिलंचो चैत्य मूल चारवटा चैत्यहरूको बिचमा ठुलो मुख्य चैत्य हो । यहाँ टेलिया ईँटाले निर्माण गरेको पाइन्छ । यो चैत्यको ठीक दक्षिणपट्टि होचो भागमा जगतपाल महाविहार ( क्वापाछैं) रहेको छ ।

**कीर्तिपुर दरबार**

कीर्तिपुर दरबार नेपालका ऐतिहासिक र सांस्कृतिक दरबारमध्ये एक हो । हालको दरबार लायकू क्षेत्रमा पुनःनिर्माण गरिएको कलात्मक दरबार कीर्तिपुरको पुरानो दरबारको प्रतीक हो । यसको आफ्नै ऐतिहासिक र सांस्कृतिक महत्त्व छ । विसं १८२४ मा कीर्तिपुरमा तेस्रो पटक हमला गर्दा आगो लगाएर पूर्ण ध्वस्त भएको बताइन्छ । यो दरबार पुरानो सम्पदा, कला र वास्तुकलाले भरिएको छ । यो ललितपुरका मल्ल राजाहरूको एउटा प्रशासनिक केन्द्र हो । यहाँबाट शासन चलाउने, कर लगाउने, सुरक्षा र न्यायको व्यवस्था गर्ने गरिन्छ । कीर्तिपुर नगरपालिका पनि कीर्तिपुरमा जनताको साथ र सहयोगमा ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू पुनः निर्माण गर्न अग्रसर भएको देखिन्छ ।



# जैविक विविधता संरक्षणमा

## महिलाको भूमिकासम्बन्धी प्रशिक्षण

मलङ्गवा (सर्लाही), २२ पुस । जलवायु परिवर्तन र जैविक विविधता संरक्षणसम्बन्धी जिल्लास्तरीय महिला प्रतिनिधिका लागि प्रशिक्षण तथा संवाद कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला समन्वय समिति सर्लाहीको सभाहलमा सोमबार आयोजित कार्यक्रममा जलवायु परिवर्तनका प्रभाव, त्यसले महिलाको जीवनयापनमा पार्ने असर तथा जैविक विविधता संरक्षणमा महिलाको भूमिकाबारे छलफल गरिएको थियो ।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य भारती पाठकले असामान्य वर्षा, लामो खडेरी, बाढी, डुबान, शीतलहर तथा अत्यधिक गर्मीले कृषि उत्पादन, खाद्यसुरक्षा र महिलाको दैनिक जीवनमा प्रत्यक्ष असर पारिरहेका विषयका बारेमा जानकारी गराउनुभयो । विशेषगरी ग्रामीण क्षेत्रका महिला प्रतिकूल मौसम र जलवायु परिवर्तनको असरबाट बढी प्रभावित हुने गरेका उहाँको भनाइ छ ।

यस्ता प्रशिक्षण तथा संवाद कार्यक्रमले जलवायु परिवर्तनको असर न्यूनीकरणको बारेमा छलफल हुनुका साथै वातावरण संरक्षणमा महिला प्रतिनिधिको क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने पाठकले बताउनुभयो ।

जलवायु विशेषज्ञ हेम पाठकले मौसम र जलवायुबिचको भिन्नता स्पष्ट गर्दै जलवायु परिवर्तनका असरसम्बन्धी विश्वव्यापी असरबारेका प्रस्तुतीकरण गर्नुभयो । उहाँले मानव क्रियाकलापका कारण हरितगृह ग्यास उत्सर्जन बढ्दै जाँदा जलवायु परिवर्तनका नकारात्मक असर देखिन थालेको उल्लेख गर्नुभयो ।

जिल्ला समन्वय समितिका अध्यक्ष कौशल किशोर सिंहको अध्यक्षता तथा वाग्मती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा बरहथवा नगरपालिकाकी प्रमुख कल्पना कटुवालसहित जिल्लाका विभिन्न पालिकाका महिला जनप्रतिनिधि, सरोकार भएका निकायका प्रतिनिधिहरूले जलवायु परिवर्तनको असर न्यूनीकरण, अनुकूलनका उपाय तथा स्थानीय तहमा जैविक विविधता संरक्षणका अभ्यासबारे अनुभव आदानप्रदान गर्नुभएको थियो ।

कार्यक्रम महिला अधिकार तथा स्रोत सञ्जालको आयोजनामा तथा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको सहयोगमा सम्पन्न भएको हो । *रासस*

**सङ्क्षिप्त समाचार**

## दलित विद्यार्थीलाई कम्बल र न्यानो लुगा वितरण

बैतडी,२२ पुस । सशस्त्र प्रहरी बलले यहाँको विणेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत १८ जना दलित विद्यार्थीलाई जनही एक थान कम्बल र १० जना जेष्ठ नागरिकलाई न्याना लुगा वितरण गरेको छ ।

यहाँस्थित सशस्त्र प्रहरी बलका गुल्मपति जङ्गबहादुर कुँवरले सशस्त्र प्रहरी बल स्थापना दिवसका सन्दर्भमा कम्बल र न्याना कपडा प्रदान गरिएको बताउनुभयो । यसअघि सुर्नया गाउँपालिका-७ स्थित भुवनेश्वर माविका विद्यार्थीहरूलाई शैक्षिक सामग्री र पोशाक वितरण गरिएको थियो । आगामी माघ ९ गते सशस्त्र प्रहरी बल स्थापना दिवस विविध कार्यक्रमका साथ मनाइने उहाँले जानकारी दिनुभयो । ***रासस***

## गैंडाको आक्रमणबाट मृत्यु

भरतपुर,२२ पुस । चितवनमा गैंडाको आक्रमणमा परी एक जनाको मृत्यु भएको छ । सोमबार अपराह्न चितवनको भरतपुर महानगरपालिका १२ स्थित रामबेल सामुदायिक वनको कालिमाटी घोल नजिक घाँसदाउरा काट्न गएका बेला सोही स्थानका ५६ वर्षीय बाबुकाजी क्षेत्रीलाई गैंडाले आक्रमण गरेको थियो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रवीन्द्र खनालका अनुसार निजको घटनास्थलमै मृत्यु भएको हो । ***रासस***

## सर्वोच्चमा जलेका दस हजार बढी मुद्दाका मिसिल तयार

काठमाडौं, २२ पुस । सर्वोच्च अदालतमा आगजनीमा परेर जलेका १० हजार बढी मुद्दाको मिसिल तयार पारिएको छ । सर्वोच्चमा रहेका कुल २४ हजार मुद्दाका मिसिलमध्ये गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा २० हजार मिसिल आगलागीमा परेर जलेको थियो । चार हजार मिसिल मात्रै आगलागीबाट जोगिएको थियो । सर्वोच्च अदालतका प्रवक्ता निराजन पाण्डेका अनुसार यही पुस २१ गतेसम्म सेवाग्राही संस्था, महान्यायाधिवक्ताको कार्यालयबाट गरी हालसम्म जलेका मुद्दाहरूमध्ये १० हजार ३४० मुद्दाका मिसिल तयार पारिएको छ ।

सर्वोच्च अदालतले जलेका मुद्दाका मिसिलहरू महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन र सम्बन्धित मुद्दाका पक्षहरूसँग उपलब्ध गराउन आग्रह गरेको थियो । सोहीअनुसार मुद्दाका मिसिलहरू सङ्कलन गर्ने काम भइरहको छ । ***रासस***

## कर्फ्यु आदेशमा सवारीसाधन आवतजावतमा रोक

वीरगञ्ज (पर्सा), २२ पुस । जिल्ला प्रशासन कार्यालयले मङ्गलबार बिहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्मका लागि कर्फ्यु आदेश थप गरेको छ । प्रशासनले सोमबार बेलुका ६:०० बजेदेखि मङ्गलबार बिहानसम्म कर्फ्यु आदेश जारी गरेको थियो । पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले विवादको समाधान खोज्ने प्रयास गरिराखेको जानकारी दिनुभयो । “स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम पर्साको वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र चार किल्ला तोकी सो सिमानाभित्र कसैले आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस प्रदर्शन, सभा, बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यु आदेश जारी गरिएको छ,” उहाँले भन्नुभयो ।

स्थानीय प्रशासनले पूर्वमा बसपार्क, पश्चिममा सिर्सियापुल, उत्तरमा पावरहाउस चोक र दक्षिणमा शङ्कराचार्य गेट क्षेत्रमा कुनै पनि प्रकारको सभा, सम्मेलन, जुलुस तथा धर्ना गर्न नपाइने जनाएको छ । प्रजिअ दाहालले कर्फ्युका बेलामा सुरक्षाकर्मीले देख्नेबित्तिकै गोली हान्न सक्ने भएकाले अत्यावश्यकबाहेक घर बाहिर ननिस्किन र निस्कनु पर्दा नजिकको सुरक्षाकर्मीसँग समन्वय गरेर मात्र निस्कनका लागि अनुरोध गर्नुभयो । कर्फ्यु आदेश अवधिमा अत्यावश्यक सेवाका सवारीसाधन भने चल्न पाउने प्रशासनले जनाएको छ । ***रासस***

## चिसो बढेपछि तीन पालिकाका विद्यालय बन्द

महेन्द्रनगर, २२ पुस । केही दिनयता अत्यधिक चिसो बढेर जनजीवन कष्टकर बनेपछि सोमबार कञ्चनपुरको तीनवटा पालिकाले विद्यालयको पठनपाठन बन्द गरेका छन् । चिसो बढेर विद्यालयमा बालबालिकालाई पठनपाठनमा समस्या हुन थालेपछि यहाँका लालझाडी गाउँपालिका, बेलौरी नगरपालिका र बेल्डाँडी गाउँपालिकाले विद्यालय बिदा गरेका हुन् । विशेषगरी बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएको स्थानीयको भनाइ छ ।

चिसो बढेसँगै यहाँका पालिकाले सामुदायिक तथा संस्थागत विद्यालयको पठनपाठन बन्द गराएका हुन् । यहाँको बेल्डाडी गाउँपालिकाले सामुदायिक तथा संस्थागत विद्यालय सोमबारदेखि तीन दिनका लागि बिदा दिने निर्णय गरेको गाउँपालिकाले जनाएको छ । त्यसैगरी, अत्यधिक जाडोका कारण विद्यार्थी, शिक्षक र कर्मचारीको स्वास्थ्यमा पर्ने असरलाई मध्यनजर गरी आगामी पुस २५ गतेसम्म जाडो बिदा गरिएको बेलौरी नगरपालिकाका प्रवक्ता हर्कबहादुर भुलले जानकारी दिनुभयो ।

यस्तै, लालझाडी गाउँपालिकाले पनि सोमबार सूचना जारी गरी विद्यालयको सञ्चित हिउँदे बिदाबाट कट्टा हुने गरी मङ्गलबार र बुधबार गरी दुई दिन बिदा दिएको छ । लगातारको चिसोका कारण कञ्चनपुर सदरमुकाम महेन्द्रनगर र यहाँका सबै पालिकाको जनजीवन प्रभावित बनेको छ भने बजारक्षेत्रमा चहलपहल पनि घटेको छ । ***रासस***



**कर्फ्युपछि सुनसान वीरगञ्ज**

जिल्ला प्रशासन कार्यालय पर्साले वीरगञ्जको चार किल्ला तोकेर कर्फ्यु आदेश जारी गरेपछि सुनसान भएको वीरगञ्जको घण्टाघर आसपासको क्षेत्र । कर्फ्युसँगै वीरगञ्ज आसपासको क्षेत्रमा सुरक्षाकर्मीको उपस्थिति बढाइएको छ । *तस्बिर : हिमाल लम्साल/रासस*

# कोसी प्रदेशका ८० प्रतिशत ‘स्टार्टअप’ उद्यम नाफामा

काठमाडौं, २२ पुस । कोसी प्रदेशका अधिकांश स्टार्टअप उद्यमले पर्याप्त पुँजी, दक्ष जनशक्ति, बजार पहुँच, सरकारबाट पाउनुपर्ने सुविधा नपाएको जस्ता समस्या भोगिरहेको भएपनि उनीहरूले राम्रो प्रतिफल हासिल गरिरहेको एक अध्ययनले देखाएको छ । नेपाल राष्ट्र बैङ्कले सोमबार सार्वजनिक गरेको ‘कोसी प्रदेशमा स्टार्टअप उद्यमको प्रवृत्ति विशेष अध्ययन प्रतिवेदन २०८१/८२’ अनुसार कोसी प्रदेशका ८० प्रतिशत स्टार्टअप उद्यमले नाफा कमाइरहेको देखिएको हो ।

स्टार्टअप उद्यमहरूको व्यावसायिक प्रकृति, क्षेत्रगत प्रवृत्ति, स्टार्टअप उद्यमका लागि आवश्यक स्रोतसाधनको पहुँच अवस्था तथा यस्ता व्यवसायले भोग्नुपरेका समस्याको पहिचान गरी समस्या समाधानका उपायसहित राष्ट्र बैङ्कले प्रतिवेदन तयार पारेको हो । जसका लागि औद्योगिक व्यावसाय विकास प्रतिष्ठानमा स्टार्टअप कर्जाका लागि आवेदन दर्ता गरेका र ‘सर्टलिष्ट’ मा परेका कोसी प्रदेशका उद्यमहरूको सङ्ख्यालाई आधार मानी यस अध्ययनका लागि १६० वटा स्टार्टअप उद्यमबाट तथ्याङ्क सङ्कलन गरिएको राष्ट्र बैङ्कले जनाएको छ ।

अध्ययनमा सहभागी १६० उद्यममा कृषि तथा वनजन्य, उत्पादनमूलक, सेवामूलक, पर्यटन र सूचना प्रविधि गरी पाँच वटा व्यावसायिक क्षेत्र समावेश छन् । जसमा कृषि तथा वनजन्य ४१ दशमलव तीन, उत्पादनमूलक १८ दशमलव एक, सेवामूलक १७ दशमलव पाँच, पर्यटन १३ दशमलव आठ र सूचना प्रविधि क्षेत्रमा नौ दशमलव चार प्रतिशत उद्यम रहेका छन् ।

कोसी प्रदेशको उच्च व्यावसायिक सम्भावना रहेको क्षेत्रको रूपमा ४३ दशमलव एक प्रतिशतले कृषि तथा वनजन्य, २१ दशमलव तीन प्रतिशतले पर्यटन, १३ दशमलव आठ प्रतिशतले उत्पादनमूलक, १० प्रतिशतले सेवामूलक, आठ दशमलव एक प्रतिशतले सूचना प्रविधि र समान एक दशमलव नौ प्रतिशतले ऊर्जामूलक तथा निर्माण क्षेत्रलाई राखेका छन् । त्यस्ता स्टार्टअप उद्यममध्ये वस्तु तथा सेवामा ५४, उत्पादन प्रक्रियामा ४१ र वितरण प्रक्रियामा पाँच प्रतिशत व्यवसायले नवीन सोच तथा नवप्रवर्तनको प्रयोग गरेका छन् ।

स्टार्टअप उद्यममा २१ देखि ३५ वर्ष उमेर समूहका ३९ दशमलव तीन, ३६ देखि ५० वर्ष उमेर समूहका ४४ दशमलव चार र ५० देखि ७० वर्ष उमेर समूहका १६ दशमलव दुई प्रतिशत उद्यमी रहेका छन् । जसमध्ये ७४ दशमलव चार प्रतिशत पुरुष र २५ दशमलव छ प्रतिशत महिला उद्यमी रहेका छन् ।

स्टार्टअप उद्यमलाई व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने कारणमा ३७ दशमलव एक प्रतिशतले आत्मनिर्भर बन्ने इच्छा, २५ दशमलव आठ प्रतिशतले समाजमा योगदान गर्ने चाहना, २५ दशमलव एक प्रतिशतले नयाँ अवसर, सात दशमलव नौ प्रतिशतले रोजगारीको अभाव र चार दशमलव एक प्रतिशतले अन्य कारण उल्लेख गरेका छन् ।

अध्ययनमा समावेश भएका १६० स्टार्टअप उद्यममा कुल लगानी रु. दुई अर्ब ५६ करोड रहेको छ । जसमा ३८ दशमलव सात प्रतिशत हिस्सा ऋण रहेको छ भने ६१ दशमलव तीन प्रतिशत हिस्सा स्वपुँजी रहेको छ । त्यस्तै, ४० दशमलव छ प्रतिशत उद्यमले सरकारी अनुदान तथा सुविधा प्राप्त गरेको र ५९ दशमलव चार प्रतिशत उद्यमले कुनै पनि सरकारी अनुदान तथा सुविधा प्राप्त गरेका नगरेको प्रतिवेदनमा उल्लेख छ ।

स्टार्टअप उद्यमबाट उत्पादित वस्तुको बजार पहुँचमा समस्या रहेको विषयलाई पनि यो अध्ययनले उजागर गरेको छ । “अध्ययनमा समावेश भएका उद्यमको विश्लेषण गर्दा ४५ प्रतिशत उद्यमको प्रमुख बजार स्थानीय बजार रहेको छ । ४६ दशमलव ९ प्रतिशत उद्यमले राष्ट्रिय बजार र आठ दशमलव एक प्रतिशतले अन्तर्राष्ट्रिय बजारमा आफ्नो वस्तु तथा सेवा पुऱ्याइरहेका छन्,” अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

प्रविधिको प्रयोगको आधारमा वर्गीकरण गर्दा २७ दशमलव पाँच प्रतिशत उद्यममा उच्च प्रविधि, ६५ प्रतिशत उद्यममा सामान्य प्रविधिको प्रयोग भएको छ भने सात दशमलव पाँच प्रतिशत उद्यममा प्रविधिको प्रयोग नभएको देखिन्छ । त्यस्ता उद्यमले आफ्नो उत्पादनको बजारीकरणका लागि सबैभन्दा बढी ३३ दशमलव नौ प्रतिशतले साथीभाइ तथा नातेदारको प्रयोग गर्ने गरेका छन् । त्यस्तै, २८ दशमलव तीन प्रतिशतले सामाजिक सञ्जाल, आठ दशमलव पाँच प्रतिशतले वेबसाइट, सात दशमलव दुई प्रतिशतले अनलाइन विज्ञापन र मेला/महोत्सव, छ दशमलव एक प्रतिशतले परम्परागत माध्यम, चार दशमलव पाँच प्रतिशतले ‘डोर टु डोर’ सम्पर्क र चार दशमलव तीन प्रतिशतले अन्य विधि प्रयोग गरेका छन् ।

यस्ता उद्यमबाट ४८ दशमलव चार प्रतिशत महिला र ५१ दशमलव छ प्रतिशत पुरुषले रोजगारी पाएको पनि प्रतिवेदनमा जनाइएको छ ।

स्टार्टअप उद्यम प्रवर्द्धनका लागि चाल्नुपर्ने कदमबारे प्रतिवेदनमार्फत राष्ट्र बैङ्कले सुझावसमेत दिएको छ । “स्टार्टअपको लागि बीउ पुँजी, सह-लगानी मोडेल, भेन्चर क्यापिटल, कर छुट, कानुनी सरलता र कर्जा पहुँच सहज बनाउन आवश्यक देखिन्छ । साथै, सङ्घीय, प्रदेश र स्थानीय तहमा इन्क्युबेसन सेन्टर, विशेष प्रोत्साहन कार्यक्रम र वित्तीय साक्षरताका पहलमार्फत उद्यमीलाई लगानी र बजार प्रवेशमा सहयोग पुऱ्याउनुपर्ने देखिन्छ,” प्रतिवेदनमा भनिएको छ । ***रासस***

# बजेट अभावले ‘एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक’ को काम रोकियो

बलेवा (बागलुङ), २२ पुस । बजेट अभावमा ‘एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक’ अन्तर्गत बागलुङमा निर्माणाधीन दुई सडकको काम अलपत्र परेको छ । बागलुङको क्षेत्र नं १ अन्तर्गत अदालत चौपारीदेखि सिगाना हुँदै बरेङ जोड्ने सडक र क्षेत्र नं २ अन्तर्गत गलकोटको हरिचौरदेखि मल्म हुँदै पाण्डवखानी जोड्ने सडकको काम अलपत्र परेको हो ।

अदालत चौपारीदेखि सिगाना-बरेङ जोड्ने सडकको काम सिगानाको वडा कार्यालयमा पुगेर रोकिएको थियो । उक्त खण्ड निर्माण गरिरहेको ठेकेदारले समयमा भुक्तानी नपाएपछि काम अलपत्र थियो । डेढ वर्ष रोकिएर गत वर्ष निर्माण सम्पन्न भएको छ ।

सदरमुकाम बागलुङ बजारदेखि १० किमि खण्डमा काम गरेको निर्माण कम्पनीले भुक्तानी पाएर फर्किएको छ । वडा कार्यालयदेखिको खण्ड निर्माणका लागि राज्यले ठेक्कासमेत लगाउन सकेको छैन । बजेट अभावले भएका योजनासमेत फिर्ता गरेको सरकारले रणनीतिक सडक कहिले पूरा गर्ने भन्ने एकिन गरेको छैन ।

त्यसैगरी, निर्वाचन क्षेत्र नं २ अन्तर्गतको हरिचौरदेखि मल्म हुँदै पाण्डवखानी जोड्ने सडकको पहिलो खण्डको ठेक्कासमेत पूरा हुनसकेको छैन । अहिले केही काम भएको देखिए पनि पूरा हुने/नहुनेमा स्थानीय विश्वस्त हुनसकेका छैनन् । यो सडकको म्याद थप भएपछि मात्र ठेकेदार कम्पनीले आठ किमि सडकखण्डमा काम थालेको छ ।

तोकिएको समयमा २५ प्रतिशतमात्र काम गरेको ठेकेदार कम्पनीले अहिले भने पाँच किमि सडक कालोपत्र गर्ने लक्ष्य राखेको छ । केही समयअघिदेखि नै काम थालेर ७० प्रतिशत भौतिक प्रगति गरेको वर्ल्ड वाइडर पूर्ण संयुक्त निर्माण कम्पनीले जनाएको छ । कम्पनीले अप्ठ्यारोमा ढलान गरेको छ भने सहज खण्डमा कालोपत्र गर्ने तयारी थालेको छ ।

यसअघि समयमा रकम भुक्तानी नपाउँदा ठेकेदारले काम छाडेर हिँडेका थिए । काम गरेको साढे तीन करोड भुक्तानी नपाएपछि ठेकेदारले अघिल्लो वर्ष काम छाडेपछि म्याद सकिएको थियो । म्याद थपसँगै रकम पाउने प्रतिबद्धतापछि काम सुरु भएको हो । इन्जिनियर सागर भण्डारीले आगामी वैशाखसम्म काम सक्ने योजना रहेको बताउनुभयो । विसं २०७९ को भदौमा यो सडकको रु. २५ करोड २० लाखमा ठेक्का सम्झौता भएको थियो ।

यस्तै, कुश्मीसेरा-बरेङ जोड्ने रणनीतिक सडकमा पनि ठेकेदारले काम अलपत्र छाडेपछि स्थानीय चिन्तित थिए । उपभोक्ताले सङ्घर्ष समिति बनाएर मुख्यमन्त्रीलाई आग्रह गरेपछि बजेटको सुनिश्चितता भएको थियो । अहिले काम सुरु भएको यो सडकको नाम्दुकदेखि बरेङसम्म कालोपत्र भइसकेको छभने कुश्मीसेरादेखि राङखानीसम्म गर्ने तयारी भइरहेको छ । बजेट अभावले तमानखोलाको बोङगादोभान-सोलेडाँडा जोड्ने सडकमा काम हुनसकेको छैन । ***रासस***

**। सम्पादकीय ।**

# हरेक दलको सिद्धान्त र विचार हुनुपर्छ

देश सपार्ने या बिगार्ने, देशलाई आत्मनिर्भर बनाउने या परनिर्भर बनाउने भन्ने कुरा सरकारको नेतृत्व गर्ने राजनीतिक दलहरूको हातमा हुन्छ । देशलाई राम्ररी हाँक्ने दलहरूको नेतृत्वमा सरकार नभएसम्म देशको स्थिति अन्योल नै भइरहनेमा शङ्का छैन । देशमा राजनीतिक अस्थिरता निम्तिनु या सरकारको नेतृत्व हेरफेर भइरहनुको कारण सत्तारुढ दलका नेताहरूको अदूरदर्शिता हो; ती दलहरू दलगत र व्यक्तिगत स्वार्थमा फस्नु हो । राजनीतिक दलहरूको वर्गीय दृष्टिकोण स्पष्ट भएन भने, सिद्धान्त र विचारको आधारमा राजनीति गरिएन भने युवाहरूमा जस्तोसुकै जोश जाँगर भए पनि त्यसले सही दिशा निर्देश गर्दैन । सत्तारुढ दलको स्थिति अहिलेको जस्तो सङ्कटमा पर्ने थिएन । पुरानो दललाई बिदा दिएर नयाँ दलको बखान गर्ने दलका युवा नेताहरू कहाँबाट सञ्चालित छन् भन्ने कुरा जनताले राम्ररी पर्गेल्नुपर्छ । फागुन २१ गते हुने निर्वाचनमा मतदाताले कसैको लहैलहैमा, दबाब र प्रलोभनमा मतदान गर्नु हुँदैन । विगतमा जिल्ला जिल्लाका अधिकांश जनताले पैसा र लोभमा फसेर मतदान गरेका थिए ।

पैसा र प्रलोभनमा फसेर मतदान गरेकै कारण सत्तारुढ दलका नेताहरू सत्तामा पुगे पनि देश र जनताप्रति जिम्मेवार भएनन्; उनीहरूले जनताको माग सम्बोधन गरेनन् । शासक दलका नेताहरूप्रति व्यापक जनताको विरोध त्यसै भएको होइन । सरकारले राजनीतिक स्थिरता दिन सकेन; भ्रष्टाचारमुक्त देश बनाउन सकेन । शासक दलका नेताहरूको गैरजिम्मेवारीले गर्दा जेन-जी आन्दोलन भयो । तर पनि सत्तारुढ दलका नेताहरू सुध्रिएनन् । धेरैपटक हन्डर खाएर पनि उनीहरूले शिक्षा लिएनन् र उनीहरू सच्चिएनन् । विगतका शासक दलहरूको यस्तै हविगतले सरकारको नेतृत्वमा हेरफेर भयो । निर्वाचन प्रयोजनको निम्ति देशमा धेरै नयाँ दलहरू देखिए । नयाँ दल खोल्ने बित्तिकै उसले सही राजनीति गर्छ भन्ने होइन । पुरानो होस् या नयाँ हरेक दलको मार्गचित्र हुनुपर्छ; सिद्धान्त र विचार हुनुपर्छ । कुनै दलका नेताहरूले आकर्षक र मिठा कुरा फलाक्दैमा, ठुलठुलो स्वरमा चिच्याउँदैमा दलले सही राजनीति गर्छ; त्यस्तो दल ठीक हुन्छ भन्ने कुरामा नेपाली जनतामा भ्रममा पर्नु हुँदैन ।

अबको निर्वाचनमा सही सिद्धान्त र विचार बुझेर, बहुमत जनताको पक्षमा आवाज उठाउने, सत्य र न्यायको निम्ति लड्ने दल र दलका उम्मेदवारलाई जनताले चिन्नुपर्छ; छान्नुपर्छ । यो सङ्क्रमणकालीन अवस्थामा राजनीतिक दल र जनता सचेत भएनन् भने देशको राजनीति गलत दिशामा जान सक्छ । यही मौकामा विदेशी हस्तक्षेप बढ्न सक्छ । विदेशी चलखेल बढेर देशको स्वाधीनता र सार्वभौमिकतामा नराम्रो असर पर्न सक्छ । सरकारको नेतृत्व हेरफेर नै परिवर्तन होइन । नयाँ दलको नेतृत्वमा सरकार बनेपछि परिवर्तन हुन्छ भन्ने होइन । देशको व्यवस्था पुँजीवादी व्यवस्था हो । पुँजीवादी व्यवस्थामा जुन दलको सरकारले नेतृत्व गरे पनि आखिर त्यो पुँजीवादी व्यवस्था नै हुन्छ । त्यो व्यवस्थामा श्रमजीवी जनताको हित हुँदैन; उनीहरूको पक्षमा ऐन कानुन बन्दैन । अत: सरकारको नेतृत्व हेरफेर हुनु नै सबथोक होइन । यो बेला देशले रूपान्तरण खोजेको हो; आर्थिक समुन्नति खोजेको हो; सन्तुलित विकास गरेर युवाहरूले काम-माम खोजेका हुन् । अब चर्काचर्का कुरा होइन देश र जनताको हित हुने काम गर्नुपर्छ; उपलब्धि या परिणाम देख्ने गरी काम गर्नुपर्छ ।

नयाँ दल खोलेका नेताहरू परिवर्तनको कुरा खोकेर परिवर्तनकै निम्ति सङ्घर्ष गर्ने नेताहरूकै विरोध गर्छन् । परिवर्तन सरकारको नेतृत्व गर्दैमा हुँदैन । वर्गीय सङ्घर्ष नगरी परिवर्तन सम्भव छैन । देशमा मौलिक परिवर्तन चाहने नेताहरूले मार्क्स, लेनिन, माओ त्सेतुङ, स्तालिनहरूको विरोध गर्दैनन् । उनीहरूको सिद्धान्त, विचार र दर्शनलाई नेपाली माटो सुहाउँदो उपयोग गर्ने हो । विदेशीले नेपाली माटो बुझ्दैन भनेर के वैज्ञानिकहरूले प्रतिपादन गरेका सिद्धान्त र आविष्कारको पनि हामीले विरोध गर्ने ? सिद्धान्तलाई व्यवहारमा लागु गर्नुपर्छ भन्ने शिक्षा के हामीले लिनु हुँदैन ? के बुद्धका उपदेश र शिक्षा अरु देशका जनताले लिनु हुँदैन ? विभिन्न देशका नेता, दार्शनिक, वैज्ञानिक र राजनीतिज्ञबाट पाठ नसिकेका भए के अन्य देशहरूले आफ्नो देशको विकास गर्न सक्छन् ? विदेशीहरूको दर्शन, सिद्धान्त र विचार नेपालको निम्ति काम लाग्दैन भनी गलत भाष्य निर्माण गर्ने नयाँ दलका नेताहरूदेखि जनता सचेत हुनुपर्छ । विदेशी भनेर आफ्नो देशमा नभएको सामान के नेपालले लिनु हुँदैन ? उपयोग गर्नु हुँदैन ? नेपाल आत्मनिर्भर नभएसम्म देश र जनताका लागि आवश्यक आधारभूत आवश्यकता पूर्ति गरिरहनुपर्ने हुन्छ ।

# आगामी निर्वाचन र नेमकिपाको निर्वाचन उपयोग नीति

✍ **विवेक**

नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनपछिको पहिलो केन्द्रीय परिषद् पुस १८ र १९ गते सम्पन्न भयो । परिषद्मा पार्टी केन्द्रीय सदस्यहरू, जनवर्गीय र पेसागत सङ्गठनका प्रमुखहरूबाट सङ्गठनात्मक प्रतिवेदनहरू प्रस्तुत गरियो । पार्टी सचिव प्रेम सुवालद्वारा प्रस्तुत पार्टी प्रतिवेदनमाथि समूहगत छलफल गरी सुझावसहित पारित गरियो । प्रतिवेदनमा देशको राजनीतिक अवस्था, अन्तर्राष्ट्रिय परिस्थितिको साथै वर्तमान सरकारले घोषणा गरेको निर्वाचनलाई उपयोग गर्ने विषय पनि उल्लेख गरिएको छ । परिषद्ले घोषणापत्र तयारी समिति र निर्वाचन प्रचारप्रसार समिति पनि गठन गरेको छ ।

यतिबेला आगामी फागुन २१ गते घोषित निर्वाचनलाई लिएर विभिन्न राजनैतिक दलहरू प्रचारप्रसारमा सक्रिय छन् । कतिपय दलहरू गठनबन्धनमा चुनाव लड्ने तयारी पनि गर्दै छन् । दलहरूबिच पार्टी एकता, संयुक्त मोर्चा र निर्वाचन गठबन्धनका प्रक्रियाहरू भइरहेका समाचारहरू पनि आइरहेका छन् । यसअघि नेपाली काङ्ग्रेस, एमाले र माओवादीहरू गठबन्धनमा चुनाव लडेको भनी सत्तोसराप गर्ने रास्वपा पनि यतिबेला विभिन्न पार्टीहरूसित समायोजन सभा, पार्टी भित्र्याउने र अन्य समूहसित एकीकरणको अभियानमा व्यस्त देखिन्छ । निर्वाचनको सङ्घारमा बसेको नेमकिपाको केन्द्रीय परिषद्मा भने देश र जनताको इमानदारीपूर्वक सेवामा पार्टी कार्यकर्ताहरू लाग्नुपर्नेमा जोड दिनेबाहेक चुनावबारे त्यति चर्चा नै भएन ।

**आगामी फागुन २१ गते घोषित निर्वाचनलाई लिएर विभिन्न राजनैतिक दलहरू प्रचारप्रसारमा सक्रिय छन् । कतिपय दलहरू गठनबन्धनमा चुनाव लड्ने तयारी पनि गर्दै छन् । दलहरूबिच पार्टी एकता, संयुक्त मोर्चा र निर्वाचन गठबन्धनका प्रक्रियाहरू भइरहेका समाचारहरू पनि आइरहेका छन् । यसअघि नेपाली काङ्ग्रेस, एमाले र माओवादीहरू गठबन्धनमा चुनाव लडेको भनी सत्तोसराप गर्ने रास्वपा पनि यतिबेला विभिन्न पार्टीहरूसित समायोजन सभा, पार्टी भित्र्याउने र अन्य समूहसित एकीकरणको अभियानमा व्यस्त देखिन्छ । निर्वाचनको सङ्घारमा बसेको नेमकिपाको केन्द्रीय परिषद्मा भने देश र जनताको इमानदारीपूर्वक सेवामा पार्टी कार्यकर्ताहरू लाग्नुपर्नेमा जोड दिनेबाहेक चुनावबारे त्यति चर्चा नै भएन ।**

### नेमकिपाले के चुनावमा किन भाग लिन्छ ?

नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादमा विश्वास गर्ने एउटा कम्युनिस्ट पार्टी हो । कम्युनिस्टहरू कहिल्यै पनि निर्वाचनबाट समाजवाद स्थापना हुने विश्वास गर्दैनन् । बरु, उनीहरू निर्वाचनलाई जनताको राजनैतिक स्तर उठाउन एउटा विश्वविद्यालयको रूपमा मात्र उपयोग गर्छन् । नेपाल मजदुर किसान पार्टीले त्यही काम गर्दै आइरहेको छ । पार्टी स्थापनाकालदेखि हालसम्म प्रतिक्रियावादी सङ्घ संस्थामा गएर जनताको सेवा गर्ने उद्देश्यले मात्रै निर्वाचनलाई प्रयोग गर्दै आएको हो । चुनावमा जितेर सरकारमा जाने, शासक बन्ने र अकुत सम्पत्ति आर्जन गर्नेजस्ता कुनै पनि गलत मनसाय नेमकिपाका नेता कार्यकर्ताहरूले राखेका छैनन् ।

देशको विभिन्न समयमा भएको राजनैतिक आन्दोलन र परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्दै आएको नेमकिपा अहिलेसम्म पुँजीवादी सरकारमा सहभागी भएको छैन । पार्टीको सिद्धान्त र विचारमा अविचलित रहेर पुँजीवादविरुद्ध पार्टी निरन्तर सङ्घर्षरत छ । त्यस क्रममा नेमकिपाका नेताहरूलाई प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री बन्नका लागि आमन्त्रण नगरिएको पनि होइन । तर, निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार नेमकिपाले समाजवादी विचारको निरन्तर प्रचारप्रसार गर्दै प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको छ । पार्टीहरू सरकारमा जानका लागि मात्र होइन निर्वाचनलाई वैचारिक सङ्घर्षको रूपमा पनि भाग लिन सक्छन् भन्ने नेमकिपा एक उदाहरण हो । कुनै स्वार्थ नलिई देश र जनताको सेवामा समर्पित भएर काम गर्नु नै राजनीति हो भन्ने मान्यता पनि नेमकिपाले स्थापित गरेको छ ।

भदौ २३ र २४ गते युवाहरूको विध्वंसात्मक प्रदर्शनपछि नेपालमा अप्रत्यासित ढङ्गले सरकार परिवर्तन भयो । दुई दिनको प्रदर्शनीमा खरबौँको भौतिक क्षति र ७६ जनाको ज्यान गयो । विदेशी तत्त्वहरूले नेपालका युवाहरूबिच भित्रभित्र काम गरिरहेको शासक दलहरूले कुनै सुइँकोसम्म पाएनन् । त्यो योजनाबद्ध ढङ्गले नेपालको सरकार परिवर्तन गराइएको भन्ने कुरा बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, तिब्बती शुद्ध रगत (टीओबी) जस्ता संस्थाहरू सतहमा आएपछि मात्र प्रस्ट भयो । यो विभिन्न देशहरूमा साम्राज्यवादीहरूले गर्दै आएका रङ्गीन क्रान्तिको सिलसिला मात्र भएकोमा अब कुनै भ्रम रहेन ।

अहिले सरकार संविधानभन्दा बाहिरबाट बनेको छ । दलीय शासन व्यवस्थामा निर्दलीय चरित्रको सरकार छ । यो सङ्क्रमणकालीन समय जति लम्बिन्छ, त्यति नै देश र जनता थप सङ्कटमा पर्दै जानेछन् । त्यसैले यो राजनैतिक अस्थिरताको अन्त्य छिटो गरिनु आवश्यक छ । त्यसैले फागुन २१ गते हुने निर्वाचनलाई पनि नेपाल मजदुर किसान पार्टीले उपयोग गर्ने नीति लिएको हो ।

पार्टी स्थापनाकालदेखि नै नेमकिपाले निर्वाचनलाई प्रतिक्रियावादी शासकहरूले गर्दै आएको जनविरोधी क्रियाकलापहरूलाई नङ्ग्याउने, जनतालाई राजनैतिक रूपले सचेत पार्ने र समाजवादी विचार प्रचार गर्ने मञ्चको रूपमा उपयोग गर्दै आएको हो । निर्वाचनको बेला तुलनात्मक रूपमा जनताले राजनीतिप्रति चासो राख्ने हुनाले त्यो अवसरलाई नेमकिपाले उपयोग गर्दै आएको हो ।

बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, महँगीविरोधी आन्दोलनजस्ता जनताको जनजीविकाको सवाललाई लिएर समय समयमा गरेको आन्दोलन र साम्राज्यवादी देशले अर्को कमजोर देशमाथि गर्ने थिचोमिचो, हस्तक्षेप र आक्रमणको विरोधमा हुने सङ्घर्षजस्तै नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई पनि एउटा वर्गसङ्घर्ष र राजनैतिक सङ्घर्षको रूपमा अगाडि बढाउँदै छ ।

### संसद् पनि वर्गसङ्घर्ष र राजनैतिक सङ्घर्षको थलो

नेमकिपा संसद्लाई एक बौद्धिक अध्यासको थलो बनाउनुपर्छ भन्ने मान्यता राख्छ । संसद् संसद्जस्तै रहेन । नेका, एमाले र माओवादी पालैपालो सरकारमा गए पनि उनीहरूले व्यापक जनताको हितमा काम गरेनन् । देशका सारा उद्योगधन्दाहरू निजीकरण गर्ने उद्देश्यले प्रस्तुत लगानी बोर्ड विधेयक, विदेशीहरूले समेत नेपालमा असीमित घर जग्गा राख्न पाउने गरी प्रस्तुत घरजग्गा कारोबार विधेयक, एनजीओ र आइएनजीओका प्रतिनिधिहरू सञ्चालकमा रहने ग्रामीण खानेपानी विधेयक, विदेशीहरूको शतप्रतिशत लगानीमा नेपालमा बैङ्क खोल्न पाउने बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयक संसद्मा प्रस्तुत हुँदा नेमकिपाका सांसदहरूले विरोध गर्नुभयो । ती विधेयकहरू पारित भएपछिको परिणाम के भयो सारा नेपाली जनतासामु छर्लङ्ग छ ।

देशघाती एमसीसी सम्झौता र विदेशी नागरिकलाई सहज नेपाली नागरिकता प्रदान गर्ने उद्देश्यले प्रस्तुत देशघाती नागरिकता विधेयकलगायत थुप्रै विधेयक र सन्धि सम्झौताहरूको पनि नेमकिपाका सांसदहरूले सशक्त रूपमा विरोध गर्नुभएको थियो ।

२०४६ सालपछि बनेको सरकारले सांसदहरूलाई पनि पेन्सन सुविधासम्बन्धी प्रस्ताव, प्राडो पजेरो सुविधाजस्ता प्रस्तावहरूको नेमकिपाले सदनमा चर्को विरोध गरेर सबैलाई सचेत पारेको थियो । यसरी नेमकिपाले व्यवस्थापिका संसद्मा निर्वाचित भएर सेवा सुविधामा रमाउने होइन देश र जनताको इमानदारीपूर्वक सेवा गर्न सबैलाई पाठ सिकाएको छ । नेपालको राजनैतिक पार्टीहरूमा नेमकिपाले एक छुट्टै पहिचान कायम गर्न सफल भएको छ ।

नेपालको संविधान निर्माणको बेला पनि संविधानसभामा रहेर देश र जनताको हितमा संविधान निर्माण गर्न नेमकिपाका सभासदहरूले महत्त्वपूर्ण योगदान गर्नुभयो । शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क, रोजगारीका सुनिश्चितता, उद्योगहरूको सामाजिकीकरण, सम्पत्तिमा सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थाको लागि नेमकिपाका सांसदहरूले संविधानसभामा निरन्तर जोड दिनुभयो । तर, नेका, एमाले र माओवादीहरूको अत्यधिक बहुमत भएको त्यस सभाले नेमकिपाले अगाडि सारेका ती प्रस्तावहरूलाई ध्यान दिएन । परिणाम आज दैनिक हजारौँ युवाहरू रोजगारीको निम्ति विदेश जान बाध्य भए भने वर्षको लाखौँ विद्यार्थीहरू उच्च शिक्षाको लागि विदेश जानुपर्ने वातावरण बन्यो ।

अझ संविधानसभामा माओवादीहरूले जातीय राज्य र आत्मनिर्णयको अधिकारको प्रस्ताव राख्दा नेमकिपाले त्यसको सशक्त विरोध गरेको थियो । देश आत्मनिर्णयसहितको जातीय राज्यमा गएको भए आज नेपालको अवस्थामा के हुन्थ्यो ? अहिले संसारका विभिन्न देशहरूमा भइरहेका जातीय द्वन्द्वहरूबाट नेपालीहरूले शिक्षा लिएको हुनुपर्छ ।

यसरी नेपाल मजदुर किसान पार्टीले संसद् र संविधानसभामा गएर जनताको हितमा कानुन निर्माण गर्न जोड दिने र प्रतिगामी विधेयकहरू र सम्झौताहरूको विरोध गर्ने नीतिलाई व्यवहारमा उपयोग गर्दै आएको छ ।

### सांसद किनबेचको फोहोरी खेलबाट टाढा

संसदीय व्यवस्थासँग सांसद किनबेचको फोहोरी खेल हुनु अस्वाभाविक होइन । जनताबिच राजनीति गरेको आधारमा होइन कि पैसाका बलमा सांसद हुनेहरू बढी देखिएका छन् । अहिले संसद्मा शासन सत्ता पल्टाउन जेलनेलको पर्वाह नगरी सम्पूर्ण जीवन पार्टीमा समर्पित भएर लागेका इमानदार कार्यकर्ताहरूभन्दा करोडौँ रूपैयाँ पार्टीलाई 'चन्दा' सहयोग गर्न सक्ने धनाढ्य व्यापारीहरू, ठेकेदारहरू, तस्कर र भ्रष्टाचारीहरूको बोलवाला हुन थालेका छन् । विनोद चौधरी, राज्यलक्ष्मी गोल्छा, राजेन्द्र खेतानजस्ता व्यक्तिहरू पार्टीलाई करोडौँको सहयोग दिएर सांसद र संविधानसभा सदस्य बन्नेछन् । यसले संसद् प्रतिक्रियावादीहरूको लागि आवश्यकताअनुसार नयाँ नयाँ कानुन निर्माण गर्ने सञ्चालक समिति मात्र साबित भएको छ । नेपाल मजदुर किसान पार्टी संसद्लाई समाजवादी क्रान्तिको वातावरण निर्माण गर्ने एक आन्दोलन गर्ने थलोको रूपमा मात्र लिन्छ अर्थात् पार्टीले क्रान्तिकारी संसद्वादको अभ्यास गर्दै छ ।

नेपाल मजदुर किसान पार्टीले निर्वाचनको बेला जनतालाई दिएको वचनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा घोषणापत्रअनुसार काम गर्दै छ । कति शासक दलहरूले आफू निर्वाचित भएपछि घोषणापत्रलाई पल्टाएर हेर्नेसम्म गर्दैनन् । तर, नेमकिपा भने जनतालाई दिएको वचन अक्षरश: पालना गर्दै अगाडि बढ्दै छ ।

संसदीय चुनावलाई प्रतिक्रियावादीहरूलाई नङ्ग्याउने र जनतालाई समाजवादी विचारबारे प्रस्ट पार्ने एक अभियानको रूपमा सिद्धान्त र विचारमा अविचलित रही नेमकिपा सङ्घर्षरत छ । नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनको एक 'प्रकाशस्तम्भ' को रूपमा नेपालको राजनीतिमा उदाएको छ ।

**सन्दर्भः किम जोङ उन जन्म दिवस ८ जनवरी**

# युवाहरू हो, पार्टीको क्रान्तिकारी सन्गुन ध्येयप्रति अटल निष्ठावान अग्रगामी योद्धा बन्नुस् – १

✍ **किम जोङ उन**



*(१८ सेप्टेबम्र, जुछे १०३ (२०१४) मा किम इल सङ समाजवादी युवा लिगका प्रारम्भिक पदाधिकारीहरूको चौथो सम्मेलनका सहभागीहरूलाई पत्र)*

युवा लिगका नमुना प्रारम्भिक पदाधिकारीको सम्मेलनमा सहभागीहरूलाई लेखिएको यो पत्र प्रकाशनको १५ औँ वार्षिकोत्सवको अवसरमा देशभरिका युवाहरूको हृदयमा महान् सेनाध्यक्ष किम जोङ इलप्रतिको सम्मान तथा पार्टीप्रतिको अटल बफादारिताको अनुग्रह उम्लिरहेको बेलामा किम इल सङ समाजवादी युवा लिगको प्रारम्भिक पदाधिकारीहरूको चौथो सम्मेलन आयोजना भइरहेको छ ।

युवाहरूलाई विशेष ध्यान दिँदै, पार्टीको विचारलाई उच्च राख्दै, युवा लिगको सङ्गठन निर्माण गर्ने तथा पार्टीप्रतिको अटल वफादारिताका साथ युवाहरूलाई युवा अग्रदस्ताको रूपमा तयार पार्ने काममा समर्पणका साथ लागिरहेका यस सम्मेलनका सहभागी तथा देशभरिका युवा लिगका अन्य प्रारम्भिक पदाधिकारीहरूप्रति न्यानो बधाई व्यक्त गर्दछु ।

महान् कामरेड किम इल सङ तथा किम जोङ इलले युवाहरूलाई प्रेम गर्नुहुन्थ्यो । उहाँले आफ्नो जीवन कालभर उनीहरूको साथमा सक्रिय रहन महान् चिन्ता लिनुभयो ।

युवाबिच जाने, सङ्घर्षमा एकअर्कामा दु:खसु:ख बाँड्दै कामरेडको व्यवहार गर्नेजस्ता क्रान्तिकारी क्रियाकलापहरू अगाडि बढाउँदै, अध्यक्ष किम इल सङले युवाहरूको महत्त्व स्थापित गर्ने मौलिक विचारको सृजना गर्नुभयो । उक्त विचारको कार्यान्वयन गरी उनीहरूलाई क्रान्तिको शक्तिशाली अग्रदस्ताको रूपमा र पार्टीको जगेडा शक्तिको रूपमा तयार पार्नुभयो । सेनाध्यक्ष किम जोङ इलले क्रान्तिको मशाल युवाहरूमा हस्तान्तरण गर्दै, युवा लिगलाई राष्ट्राध्यक्षको नाम दिँदै र लामो समयदेखि क्रान्तिको लागि भनिएको ध्येय तथा जिम्मेवारीलाई दायित्वका साथ पूरा गर्ने काममा नेतृत्व दिँदै यस विचारलाई अगाडि बढाउनुभयो ।

राष्ट्राध्यक्ष तथा सेनाध्यक्षको विवेकपूर्ण नेतृत्व तथा उहाँहरूको हितकारी हेरचाहमा हाम्रा युवाहरूले गौरवताले भरिएको बाटोमा यात्रा गरेका छन्, साहसिक समर्पण तथा गौरवमय विजयका साथ क्रान्तिको दशकलाई सिँगारेका छन् ।

कोरियाली क्रान्तिको पहिलो पुस्ताका युवाहरूले कमरेड किम इल सङलाई राष्ट्रको सूर्यजस्तै उच्च राख्दै जापानी साम्राज्यवादीहरूविरुद्ध रक्तिम सङ्घर्ष सञ्चालन गरे र राष्ट्रिय मुक्तिको ऐतिहासिक ध्येयलाई पूरा गरे । यस क्रममा शरीरमा प्राण रहेसम्म नेतृत्वको रक्षार्थ चम्किलो उदाहरण प्रस्तुत गरे । राष्ट्रको भाग्य तथा भविष्यको लागि निर्णायक महत्त्व राख्ने सशक्त पितृभूमि मुक्तिको युद्ध अवधिमा उहाँका हेरचाहमा हुर्किएकाहरूले "सेनाध्यक्ष किम इल सङ अमर रहून् ।" भन्ने नारा घन्काउँदै बहादुरीका साथ लडी जुलाई २७ को विजय हातमा लिए । समाजवादी निर्माण युद्धपछिको अवधिमा आफ्नो पार्टी तथा नेतृत्वको चाहनालाई आत्मसात गर्ने अत्यन्त कठिन र अभावपूर्ण अवस्थामा पनि संसार नै छक्क पर्ने चोलिमा कोरियाको साहसिक उत्साह प्रदर्शन गरे ।

साहसिक मार्च तथा जबरजस्त मार्चका वर्षहरूमा हाम्रा भरपर्दा युवा युवतीहरूले अन्तिमसम्म पनि आफ्नो भाग्य र भविष्यलाई सेनाध्यक्षको भाग्य र भविष्यसँग एकाकार गर्ने कठोर प्रतिबद्धताका साथ अत्यन्त कठिनाइलाई पनि पार गरे; समाजवादको रक्षाको सङ्घर्षमा संयुक्त राज्य अमेरिकासँगको बल परीक्षणमा सन्गुन कोरियाको अजेय शक्तिलाई संसारमा देखाए ।

क्रान्तिका परीक्षणकालीन दशकहरूमा क्रान्तिमा विजयको सुनिश्चिततालाई प्रदर्शित गर्ने हाम्रा युवाहरूले देखाएको साहसिक तथा अमर पराक्रम इतिहासमा अभिलेखित छ । नेतृत्वप्रतिको उच्च सम्मान तथा नेतृत्वको विचार तथा नेतृत्वकार्यप्रतिको बफादारपूर्ण समर्पणमा राष्ट्रको समुन्नति तथा युवाहरूको अर्थपूर्ण जीवन आधारित रहन्छ भन्ने सच्चाइ उजागर भएको छ । क्रान्तिका विगत दशकहरूमा हाम्रा युवाहरूले सृजना गरेका र उच्च राखेका साहसिक सङ्घर्ष तथा जुनसुकै मूल्यमा पनि नेतृत्वको रक्षाका परम्पराहरू नै अमूल्य क्रान्तिकारी विरासत हुन र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने विजयका अनन्त व्यानर (ध्वजा) हुन् ।

वर्तमान, गतिशील सङ्घर्षको युग हो, जुछे क्रान्तिको नयाँ युग हो, जसमा पार्टी नेतृत्व मातहतका समग्र राष्ट्रसेवी कर्मचारी र अन्य जनताले किम इल सङवाद र किम जोङ इलवादको महान् ध्वजालाई उचो राख्दै क्रान्तिमा अन्तिम विजय प्राप्त गर्न आक्रामक तरिकाले अगाडि बढ्नु परेको छ । पार्टी वरिपरि एकमना गोलबद्ध भई अग्रगामी कदम चाल्नको लागि र आफ्नो देशलाई समृद्ध समाजवादी राष्ट्रको रूपमा विकास गर्ने लक्ष्य हासिल गर्न निर्माण तथा क्रान्तिको क्षेत्रमा नयाँ आयाम थप्न यस नयाँ युगमा, सन्गुन क्रान्तिका उत्तराधिकारी हाम्रा युवाहरूले यस ऐतिहासिक मार्चको नेतृत्व गर्नुपर्दछ भन्ने माग रहेको छ ।

सन्गुनको क्रान्तिकारी ध्येयलाई व्यवहारमा उतार्ने सङ्घर्षमा यो युवा लिग भरपर्दो अग्रदस्ता तथा हाम्रो पार्टीको भगिनी सङ्गठन हुनेछ । वर्तमान युगको युवा पिँढीले क्रान्तिकारी अग्रजहरूको मूल्यवान रगत र पसिनाले भिजेको र उनीहरूको महान् चाहनासँग जोडिएको क्रान्तिको रक्तिम झण्डालाई अन्तिम विजयको उचाइमा पुऱ्याउने पवित्र तथा सम्मानजक जिम्मेवारीलाई आत्मासात गरेको छ ।

जब महान् नेतृत्व तथा महान् पार्टीको अँगालोमा हुर्किएका सन्गुन क्रान्तिको रापमा खारिएका युवा पिँढीले सङ्घर्षको अग्रमोर्चामा महान् उपलब्धि हासिल गर्दछन्, हाम्रो लागि कुनै कठिनाइ समाधानविहीन रहने छैन र कुनै पनि लक्ष्य अप्राप्य रहने छैन ।

आफ्नो युवा शक्ति विवेक तथा जोशलाई विद्यमान ऐतिहासिक मार्चमा समर्पित गर्दै उनीहरूले पार्टीको युवा अग्रदस्ताको भूमिका निभाउनुपर्दछ । त्यस्तैगरी, पार्टी तथा क्रान्तिको आवश्यकता तथा राष्ट्रको आह्वानलाई हृदयङ्गम गरेका पनि छन् ।

"युवाहरू हो, पार्टीको सन्गुन क्रान्तिकारी ध्येयप्रति अटल रूपमा वफादार अग्रदस्ताका योद्धा बन ।" हाम्रा युवा पिँढीले उचाइमा राखेको जङ्गी नारा यही हो ।

युवा जनले पार्टीको नेतृत्वलाई वफादारिताका साथ सहयोग गर्नुपर्दछ । पार्टीको नेतृत्व भनेको हाम्रो युवा युवतीको लागि रक्तसञ्चारजस्तै हो । पार्टीको नेतृत्वमा मात्रै उनीहरूले पेक्तुको परम्परालाई र जुछेको क्रान्तिकारी ध्येयलाई अगाडि बढाउँछन् र सन्गुन युगका युवा अग्रदस्ताको हैसियतले आफ्नो मिसन तथा जिम्मेवारीलाई सफलतापूर्वक पूरा गर्छन् ।

हाम्रो पार्टीलाई समर्थन गर्ने अटल प्रतिबद्धताका साथ पार्टीले देखाएको बाटोमा जोशका साथ अगाडि बढ्न र शुद्ध हृदयका साथ पार्टीलाई विश्वास गर्नुपर्दछ र अनुशरण गर्नुपर्दछ ।

पार्टी तथा नेतृत्वको लागि बिनाहिच्किचाहट आफ्ना जवानी तथा जीवन बलिदान गर्ने क्रान्तिकारी महान् उदाहरणलाई अनुशरण गर्दै जुनसुकै मूल्यमा पनि युवा पिँढी हाम्रो पार्टीको सुरक्षा घेरा भएर रहनुपर्दछ । जीवनकै मूल्यमा पनि पार्टी रक्षाको बाटोमा उनीहरूले हरेक क्षणलाई गौरवमय बनाउनुपर्दछ ।

पार्टीका विचारहरूलाई कार्यान्वयन गर्न र नीतिहरूलाई उच्च समर्थन गर्ने अभियानमा उनीहरू अग्रदस्ताको लडाकु बन्नुपर्दछ । उनीहरूले आफ्ना दृढ विश्वासको एउटा तत्त्वको रूपमा पार्टीको विचार तथा नीतिहरूलाई संरक्षण गर्नुपर्दछ र यसै विचार तथा नियतका साथ दृढ निश्चयी भई हरेक समय तथा स्थानमा दऱ्हो विश्वास, सोचाइ तथा कर्मका साथ कार्य गर्नुपर्दछ । बिनाहिच्किचाहट, उच्च तहमा सर्वोच्च कमान्डरको आदेशलाई कार्यान्वयन गर्न जनसेनाको सैन्य भावना तथा कार्यशैलीका नमुना आफै बनेर उनीहरूले समयसीमा भित्र अपेक्षित तहमा पार्टीको नीतिको समग्र कार्यान्वयन गर्नुपर्दछ ।

आफ्नो समाजवादी राष्ट्रको रक्षार्थ मृत्युलाई समेत परास्त गर्ने दस्ताको रूपमा युवा शक्ति परिचालित हुनुपर्दछ ।

राष्ट्रिय प्रतिरक्षा नै देशभक्तको उच्च अभिव्यक्ति हो र युवा पिँढीको सबैभन्दा पवित्र जिम्मेवारी पनि हो । सन्गुन युगको युवा पिँढीले यस सच्चाइलाई उच्च सम्मानमा राख्नुपर्दछ र आफ्नो मातृभूमिको लागि आफ्नो युवास्थालाई समर्पित गर्दै संरा अमेरिकी आक्रमणलाई परास्त गर्ने महान् वर्षहरूका ती विजयहरू जस्तै राष्ट्रको लागि आफ्नो पुस्ताको जिम्मेवारीलाई इज्जतका साथ पूरा गर्न सशक्त तरिकाले राष्ट्रको प्रतिरक्षाको अग्रमोर्चामा उभिनु नै यसप्रतिको सबैभन्दा उच्च सम्मान हो ।

सशस्त्र भई आफ्नो मोर्चाको सुरक्षार्थ खटिएका, सर्वोच्च कमान्डरका सेनाको रूपमा रहेका जनसेनाका राष्ट्रसेवी कर्मचारीहरूले पेक्तु पर्वतमा जापनीविरोधी छापामारहरू जस्तै गरी अझ सशक्तताका साथ तालिम लिनुपर्दछ । आफूलाई जुछे उन्मुख सैन्य विचारले भरिपूर्ण तथा लडाकु भावनाले ओतप्रोत सयका-विरुद्ध-एक भन्ने लडाकुको रूपमा तयार पार्नुपर्दछ । आफूमा पूर्ण लडाकु तत्परता कायम राख्नु पर्दछ, सधैँ युद्ध मोर्चामा छु भन्ने सोच्नु पर्दछ र शत्रुविरुद्धको निर्णायक लडाइँमा सन्गुन कोरियाको युवा दस्ताको जोशलाई पूर्णतामा प्रदर्शन गर्नुपर्दछ ।

युवाहरूले आफ्नो हतियारलाई प्यारो ठान्ने र सैन्य व्यवहारलाई महत्त्व दिने स्वभाव ग्रहण गर्नुपर्दछ । शत्रुको सफाया गर्ने चाहनाको दियो बलिरहेको हृदय लिएर युवाहरू पूर्ण इमानदारीताका साथ सैन्य तालिममा सहभागी हुनुपर्दछ र लडाइँ परिचालनको पूर्ण तयारी गर्नुपर्दछ । यसै जोशका साथ आफ्ना सडक, गाउँ कारखाना, फारम तथा विद्यालयको रक्षार्थ खटिनु पर्दछ । उनीहरूले युद्ध अनुभवी तथा अपाङ्ग सेनाहरूलाई सम्मान तथा सहयोग गर्ने सुन्दर व्यवहारको पूर्ण प्रदर्शन तथा सेनालाई सहयोग गर्ने व्यवहारको उच्च प्रदर्शन गर्नुपर्दछ र सोको लागि राष्ट्रिय प्रतिरक्षार्थ शारीरिक तालिममा सक्रियताका साथ सहभागी हुनुपर्दछ ।

हामीलाई वैचारिक तथा सांस्कृतिक रूपमा दिग्भ्रमित पार्ने साम्राज्यवादी कदमलाई उनीहरूले दृढ निश्चितताका साथ धुलिसात पार्नु पर्दछ । शत्रुहरूले हाम्रो देशभित्र भ्रामक अभिलेख तथा प्रकाशनहरू घुसपैठ गराएर हाम्रा युवाहरूलाई वैचारिक रूपमा पतन गराउन र पार्टीबाट अलग गराउने प्रयास स्वरूप भ्रष्ट विचारका सबै प्रकारका भाइरसहरूको व्यापक प्रचारप्रसार गराइरहेका छन् । शत्रुका सबै वैचारिक तथा सांस्कृतिक घुषपैठका हर्कतहरूको मुख्य लक्ष्य नै नयाँ पुस्ताका हाम्रा युवाहरू हुन । युवा पुस्ता यसको शिकार भएमा यसलाई पार्टी र क्रान्तिप्रतिको धोखा र गद्दारी र शत्रुलाई फाइदा पुऱ्याउने कार्यबाहेक अरु केही भन्न सकिने छैन । उनीहरूले यस्ता वैचारिक तथा सांस्कृतिक घुसपैठ तथा उनीहरूका खतराका सच्चा प्रकृतिलाई स्पष्टताका साथ बुझ्नु पर्दछ । यस्ता क्रियाकलापमा कहिल्यै सहभागी हुनु हुँदैन र यिनीहरूप्रति सदा सचेत रहँदै सदा यिनीहरूविरुद्ध लड्दै गर्नुपर्दछ । ती अपराधीहरूबाट हुने समाजवादलाई बदनाम गर्ने र हाम्रो व्यवस्थालाई अवमूल्यन गर्नेलगायत अन्य सबै गैर-समाजवादी अभ्यासहरूबाट टाढै रहनुपर्दछ ।

समृद्ध समाजवादी राष्ट्र निर्माणमा युवाहरू अग्रदस्ता बन्नुपर्दछ र आक्रामक लडाकु बन्नुपर्दछ ।

समृद्ध समाजवादी राष्ट्र निर्माण नै जनताको रगतको मूल्यमा रक्षित देशलाई अझ समुन्नत बनाउने र जनताका सुन्दरत्तम आदेशलाई यथार्थमा रूपान्तरण गर्ने योग्य सङ्घर्ष हो । यस सङ्घर्षमा गौरवमय जोश प्रदर्शन गर्न वर्तमान युगका युवा पुस्ताको सबैभन्दा ठुलो सम्मान र गर्वको विषय पनि हो ।

युवाहरू आर्थिक किल्ला निर्माण गर्ने कोरियाली तिव्रता सृजना गर्ने मापदण्ड बन्नुपर्दछ । आर्थिक किल्ला निर्माण भइरहेका अधिक श्रम लाग्ने र कठिनाइका क्षेत्रहरूमा उनीहरू स्वयंसेवी भएर कार्य गर्नुपर्दछ भने उन्नत क्षेत्रमा नयाँ उपलब्धि हासिल गर्नुपर्दछ । उनीहरूले पेक्तुसान सोडुन विद्युत्गृहको निर्माण, उत्तरी रेलमार्गको निर्माणलाई तिव्रता र पूर्णता दिनुपर्दछ र ठुला आकारका प्रकृति पुन:निर्माण तथा निर्माण परियोजनाका धेरै क्षेत्रहरूमा ठुलो पराक्रम देखाउनु पर्दछ । युवाहरूले राष्ट्रिय आर्थिक योजनालाई राष्ट्रले विश्वास गरेर आफूलाई सुम्पिएको युद्ध मिसनको रूपमा लिनु पर्दछ, यिनीहरूलाई जसरी भए पनि कार्यान्वयन गर्नुपर्दछ; बढ्दो उत्पादनको ज्वाला सल्काउनुपर्दछ र निरन्तर नयाँ नयाँ मान्यता र अभिलेख कायम गर्दै जानुपर्दछ ।

युवाहरू विज्ञान र प्रविधिको तीव्रत्तम युगलाई समेत उछिनेर अगाडि बढ्ने प्रयासमा अग्रदस्ता बन्नुपर्दछ । भू-उपग्रहको निर्माण गरेका र सन्गुन कोरियाका सामर्थ्य प्रस्तुत गरेका वैज्ञानिकहरूले ठुला महत्त्वकाङ्क्षाका साथ संसारसँग प्रतिस्पर्धा गरेजस्तै युवाहरूले मस्तिष्क र प्रविधिको तीव्रत्तम प्रतिस्पर्धालाई सञ्चालन गर्नुपर्दछ र विज्ञान र प्रविधिमा आफ्ना उत्कृष्ट उपलब्धिहरूको सहायताले समृद्ध राष्ट्र निर्माणमा सशक्त उत्प्रेरक बन्नुपर्दछ । आफ्ना सृजनात्मक बौद्धिकता तथा प्रतिभालाई पूर्णतामा विकास गर्ने युवा विज्ञान तथा प्रविधि अभियानमा आफूलाई लगाउनु पर्दछ र आ-आफ्नो क्षेत्रमा प्रविधिमा सिद्धहस्त भई आविष्कार तथा प्रविधि अवधारणाको निपुणको रूपमा प्रसिद्धि आर्जन गर्नुपर्दछ ।

युवाहरू सन्गुन युवा मसाल पुरस्कार आन्दोलनमा, युवा धक्का लडाकु अभियानमा, युवा कार्यदल अभियानमा र अन्य जन-आधारित अभियानहरूमा सहभागी हुनुपर्दछ र आफ्ना युवा उर्भरता तथा बहादुरीलाई पूर्णतामा प्रदर्शित गर्नुपर्दछ ।

सभ्य समाजवादी राष्ट्रको उच्चत्तम बिन्दुमा आइपुग्ने सङ्घर्षको अग्रदस्ताको रूपमा उनीहरू उभिनुपर्दछ ।

कला तथा साहित्यको क्षेत्रमा पनि युवाहरूले आफ्नो सृजनालाई पूर्णतामा प्रदर्शित गर्नुपर्दछ र तीव्रत्तम क्रान्तिकारी सृजनालाई सञ्चालनमा ल्याउनुपर्दछ । आम जनताले मन पराउने युगका मूलप्रवाहको निर्माण गर्नुपर्दछ । युवाहरूले उच्च संस्कृति तथा भावनात्मक जीवन स्थापना गर्न क्रान्तिकारी सैन्य संस्कृति सिक्नुपर्दछ । जन आधारित सांस्कृतिक तथा कलात्मक व्यवहारलाई सक्रियताका साथ सञ्चालन गर्दै आशावादिता र खुसीका साथ जीवन जिउनु पर्दछ । खेलकुदलाई जन-आधारित र दैनिक जीवनको एक अङ्ग बनाउँदै र हाम्रो देशलाई खेलकुद शक्ति बनाउने पार्टीको योजनालाई उँचो राख्दै, स्वर्ण पदकहरू जित्दै देशको इज्जतलाई उँचो राख्न तालिममा अझ पसिना बहाउनुपर्दछ । उत्पादन तथा जीवनका सुसंस्कृत शैली स्थापना गर्ने प्रयासमा निपुणता हासिल गर्ने कुरामा उनीहरू सहभागी हुनुपर्दछ र आ-आफ्ना कार्यस्थलहरूलाई सुधार गर्दै लानुपर्दछ र आफ्ना गल्ली, गाउँ आदिलाई समाजवादी स्वर्ग बनाउनुपर्दछ ।











संरा अमेरिकी सेनाले भेनेजुयलामाथि गरेको आक्रमण र राष्ट्रपति निकोलस मादुरोको अपहरणविरुद्ध भारतको विभिन्न राज्यका सहरहरूमा भएका विरोध प्रदर्शन जनवरी ५ र ६, २०२६ का दिन ।

*तस्बिर : फेसबुकबाट*

# ग्रिनल्यान्ड विवादले नाटो सङ्कटतर्फ

कोपनहेगन, ६ जनवरी (एपी) । डेनमार्कका प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनले ग्रिनल्यान्डलाई संयुक्त राज्य अमेरिकाले अधिग्रहण गरेमा उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) को अन्त्य हुने गम्भीर चेतावनी दिनुभएको छ । उहाँको यो अभिव्यक्ति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खनिज-धनी र रणनीतिक आर्कटिक टापु ग्रिनल्यान्डलाई अमेरिकी नियन्त्रणमा ल्याउन आह्वान गरेपछि आएको हो ।

शनिबार बिहान भेनेजुयलाको काराकसमा राष्ट्रपति निकोलस मदुरो र उहाँकी श्रीमतीलाई पक्राउ गर्न अमेरिकी सेनाले गरेको गोप्य सैन्य अपरेसनपछि विश्वव्यापी स्तरमा हलचल मच्चिएको छ । यही घटनाले डेनमार्क र ग्रिनल्यान्डमा थप चिन्ता बढाएको छ । ग्रिनल्यान्ड डेनमार्क राज्यअन्तर्गतको अर्ध-स्वायत्त क्षेत्र हो र यसरी नाटोको हिस्सा पनि हो ।

प्रधानमन्त्री फ्रेडरिक्सन र ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स फ्रेडरिक निल्सनले अमेरिकी राष्ट्रपति ट्रम्पका अभिव्यक्तिको कडा निन्दा गर्दै यसको परिणाम विनाशकारी हुनसक्ने चेतावनी दिनुभएको छ । उहाँहरूप्रति धेरै युरोपेली नेताहरूले ऐक्यबद्धता जनाएका छन् ।

डेनमार्कको प्रसारणकर्ता टिभी-२ सँग कुरा गर्दै प्रधानमन्त्री फ्रेडरिक्सनले भन्नुभयो, "यदि संयुक्त राज्य अमेरिकाले अर्को नाटो सदस्य राष्ट्रमाथि सैन्य आक्रमण गर्ने निर्णय गऱ्यो भने सबै कुरा रोकिन्छ । दोस्रो विश्वयुद्धपछि स्थापित सुरक्षा व्यवस्था त्यहीँ समाप्त हुन्छ ।" उहाँले राष्ट्रपति ट्रम्पले ग्रिनल्यान्ड चाहेको भनाइलाई गम्भीर रूपमा लिनुपर्ने उल्लेख गर्दै डेनमार्क र ग्रिनल्यान्ड यस्तो खतरनाक अवस्थालाई स्वीकार गर्न नसक्ने स्पष्ट पार्नुभयो ।

आइतबार राष्ट्रपति ट्रम्पले '२० दिनपछि ग्रिनल्यान्डबारे कुरा गरौँ' भन्ने अभिव्यक्तिले नजिकै भविष्यमा अमेरिकी हस्तक्षेप हुनसक्ने आशङ्का झनै गहिरिएको छ । ट्रम्पले यसअघि पनि आफ्नो दोस्रो कार्यकालको सुरुआती चरणमै ग्रिनल्यान्डलाई अमेरिकी क्षेत्राधिकारमा ल्याउनुपर्ने बताउँदै सैन्य विकल्प अस्वीकार नगरेको सङ्केत दिनुभएको थियो ।

ग्रिनल्यान्डका प्रधानमन्त्री निल्सनले पत्रकार सम्मेलनमा ग्रिनल्यान्डलाई भेनेजुयलासँग तुलना गर्न नमिल्ने बताउँदै जनतालाई शान्त र एकताबद्ध रहन आग्रह गर्नुभयो । "संयुक्त राज्य अमेरिकाले सजिलै ग्रिनल्यान्ड जित्न सक्ने अवस्था छैन," उहाँले भन्नुभयो ।

यसैबिच राष्ट्रपति ट्रम्पले ग्रिनल्यान्डको सुरक्षा सुदृढ गर्न डेनमार्कले गरेको प्रयासको आलोचना गर्दै आर्कटिक क्षेत्रमा 'अर्को कुकुर स्लेज' थपिएको भन्दै व्यङ्ग्य गर्नुभयो । उहाँले रुसी र चिनियाँ जहाजहरूको उपस्थितिलाई कारण देखाउँदै ग्रिनल्यान्ड अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि आवश्यक भएको दाबी गर्नुभयो । तर, डेनिस इन्स्टिच्युट फर इन्टरनेसनल स्टडिजका विज्ञ उलरिक प्राम गडले आर्कटिकमा त्यस्ता जहाजहरू भए पनि ग्रिनल्यान्डबाट निकै टाढा रहेको बताएका छन् ।

ग्रिनल्यान्डको उत्तरपश्चिममा अवस्थित पिटुफिक स्पेस बेस अमेरिकी रक्षा मन्त्रालयद्वारा सञ्चालन हुँदै आएको छ । सन् १९५१ मा डेनमार्क-अमेरिका रक्षा सम्झौतापछि स्थापना भएको यस बेसले मिसाइल चेतावनी, रक्षा र अन्तरिक्ष निगरानीमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । डेनमार्कको मुख्य भूमिमा पनि अमेरिका-डेनमार्क सैन्य सहकार्य लामो समयदेखि चल्दै आएको छ । डेनमार्कले अमेरिकी एफ-३५ लडाकू विमान खरिद गरेको छ र गत वर्ष संसद्ले आफ्नै भूमिमा अमेरिकी सैन्य आधारलाई अनुमति दिने विधेयक पारित गरेको थियो ।

यद्यपि, आलोचकहरूले यसले डेनमार्कको सार्वभौमिकतामाथि प्रश्न उठाएको बताएका छन् । सन् २०२३ मा बाइडेन प्रशासनसँग भएको सम्झौतालाई विस्तार गर्दै अमेरिकी सेनालाई डेनमार्कका हवाई अड्डाहरूमा व्यापक पहुँच दिएको भन्दै विवाद चुलिँदै गएको छ ।

# जापानमा ६.४ म्याग्निच्युडको भूकम्प

टोकियो, ६ जनवरी (सिन्ह्वा) । पश्चिमी जापानको शिमाने प्रान्तमा मङ्गलबार ६.४ म्याग्निच्युडको भूकम्प आउँदा धेरै जना घाइते भएको स्थानीय मिडियाले जनाएको छ ।

भूकम्प स्थानीय समयअनुसार बिहान १०:१८ मा पूर्वी शिमाने प्रान्तमा करिब १० किलोमिटरको गहिराइमा आएको उल्लेख गर्दै, मौसम विज्ञान विभागले भूकम्पले जापानको शिमाने र टोटोरी प्रान्तहरू सबैभन्दा बढी प्रभावित भएको जनाएको छ ।

विभागका अनुसार भूकम्पको केन्द्र ३५.३ डिग्री उत्तरी अक्षांश र १३३.२ डिग्री पूर्वी देशान्तरमा रहेको थियो । जेएमएका अनुसार ५.१ र ५.४ म्याग्निच्युड मापन गरिएका दुईवटा पराकम्प समान क्षेत्रलाई स्थानीय समयअनुसार क्रमशः १०:२८ र १०:३७ मा आएको थियो ।

भूकम्पकोमा घाइते भएका कारण सिमाने प्रान्तको माट्सु सिटीका चार जनालाई अस्पताल लगिएको थियो । भूकम्पले सहरका धेरै घरहरूको छतमा क्षति पुगेको सार्वजनिक प्रसारणकर्ता एन. एच. के. ले जनाएको छ ।

छिमेकी टोट्टोरी प्रान्तको सकाइमिनाटो सहरमा स्थानीय प्रहरीले सडकमा दरार परेको खबर प्राप्त गरेको जनाएको छ । भूकम्पको केन्द्रबिन्दुबाट दक्षिणमा रहेको हिरोसिमा प्रान्तको फुकुयामा सहरमा भूकम्पका कारण दुई जना घाइते भएको रिपोर्टमा उल्लेख छ । भूकम्प परिमाण ६.२ म्याग्निच्युड रहेको उल्लेख गर्दै जेएमएले पश्चिमी टोटोरी प्रान्तमो लामो अवधिको भू-गति अवलोकन गरिएको बताएको छ । लामो अवधिको भू-गतिले ठुला भूकम्पहरूबाट तीव्र, ढिलो र निरन्तर भूकम्पीय छालहरूलाई जनाउँछ, जसले उच्च-वृद्धि भवनहरूलाई हल्लाइ माथिल्लो तलामा रहेका मानिसहरूलाई असर गर्न सक्छ ।

# करिब ७० लाख अस्ट्रेलियाली आगोको जोखिममा रहेको क्षेत्रमा बस्छन् : प्रतिवेदन

सिड्नी, ६ जनवरी (सिन्ह्वा) । लगभग ७० लाख अस्ट्रेलियालीहरू घातक जङ्गली आगोको उच्च जोखिममा रहेको क्षेत्रमा बसोबास गर्दै आएको गैरसरकारी संस्था क्लाइमेट काउन्सिल र इमर्जेन्सी लिडर्स फर क्लाइमेट एक्सन (ईएलसीए) ले मङ्गलबार प्रकाशित गरेको प्रतिवेदनले जनाएको छ । प्रतिवेदनले प्रमुख सहरहरूको बाहिरी इलाकाहरूमा बसोबास गरिरहेका अस्ट्रेलियालीहरू सन २०२५ जनवरीमा लस एन्जलस (एलए) जङ्लमा लागेको आगो जस्तै सहरी आगलागीको जोखिममा रहेको चेतावनी दिएको छ ।

प्रतिवेदनले सिड्नी, मेलबर्न, पर्थ, एडिलेड, होबार्ट र क्यानबेराका प्रमुख सहरहरूको बाहिरी भागमा सहरी किनारामना एलए आगलागी विनाशकारी हुने जनाएको छ । प्रतिवेदनका अनुसार प्रमुख सहरहरूको बाहिरी उपनगरहरूमा बसोबास गर्ने अस्ट्रेलियालीहरूको सङ्ख्या सन् २००१ देखि ६५.५ प्रतिशतले बढेर ६९ लाखभन्दा बढी पुगेको छ भने उच्च जोखिममा रहेका आगो क्षेत्रमा ९० प्रतिशत घरहरू आधुनिक बुशफायर र कमजोर मापदण्डमा निर्माण गरिएका छन् । यसले अघिल्लो अनुसन्धानलाई उद्धृत गर्दै आगलागी उच्च मृत्युको कारण भएको जनाएको छ ।

इएलसिएका संस्थापक र न्यू साउथ वेल्स राज्यका पूर्व अग्नि आयुक्त ग्रेग मुलिन्सले विज्ञप्तिमार्फत लगभग हरेक अस्ट्रेलियाली सहरमा लस एन्जलसजस्ता खतरनाक आगलागीको पूर्व सर्तहरूको खतरा रहेको बताउनुभएको छ । उहाँले विनाशकारी आगलागीको सम्भावनालाई बढ्दो रूपमा सामना गरिरहेको बताउँदै जलवायु प्रदूषणले अहिले आगोको मौसमको अवस्था बिग्रँदै गई आधुनिक आगो निभाउने र रोकथाम क्षमताहरूको सीमाभन्दा बाहिर हुने बताउनुभएको छ ।

# थाई-कम्बोडिया सीमा तनाव फेरि चर्कियो

बैङ्कक, २२ पुस (एएफपी) । थाइल्यान्डले कम्बोडियामाथि १० दिनअघि भएको युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउँदै सीमापार मोर्टार फायरका कारण एक थाई सैनिक घाइते भएको जनाएको छ । यद्यपि कम्बोडियाले यसलाई दुर्घटना भन्दै आफ्नै दुई सैनिक पनि विस्फोटमा घाइते भएको दाबी गरेको छ ।

थाइल्यान्डको विदेश मन्त्रालयका अनुसार उबोन रत्चथानी प्रान्तमा मङ्गलबार बिहान कम्बोडियाबाट मोर्टार राउन्ड प्रहार हुँदा एक थाई सैनिकको दाहिने हातमा छर्राबाट गम्भीर चोट लागेको हो । थाई सेनाले तत्काल बदला नलिई घटनाको वास्तविकता पत्ता लगाउन कम्बोडियाली पक्षसँग सम्पर्क गरेको जनाएको छ । मन्त्रालयले यस्ता घटना दोहोरिन नदिन आग्रह गर्दै कम्बोडियासँग माफीको अपेक्षा गरेको छ ।

यसको जवाफमा कम्बोडियाको रक्षा मन्त्रालयकी प्रवक्ता माली सोचेटाले प्रेह विहार प्रान्तमा फोहोरको थुप्रो विस्फोट हुँदा दुई कम्बोडियाली सैनिक घाइते भएको र तीमध्ये एकको अवस्था गम्भीर रहेको बताउनुभयो । उहाँका अनुसार उक्त घटना सीमा क्षेत्रमा सामान्य सङ्गठनात्मक कर्तव्य निर्वाह गर्ने क्रममा भएको हो । दुवै सैनिकलाई अस्पतालमा भर्ना गरिएको छ ।

थाई सेनाले कम्बोडियाली पक्षले सम्पर्क गरी थाई भूभागमा जानाजानी गोली नचलाइएको र यो परिचालन त्रुटिका कारण भएको स्वीकार गरेको जनाएको छ । तर थाई सेनाले यस्ता घटना दोहोरिए कडा प्रतिक्रिया दिनुपर्ने चेतावनी पनि दिएको छ ।

थाइल्यान्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले नोम पेन्हमा औपचारिक विरोध दर्ता गरिएको बताउँदै सैन्य तहमा यसलाई दुर्घटना भनिए पनि जिम्मेवारी र स्पष्टीकरण आवश्यक रहेको स्पष्ट पार्नुभयो । उहाँले थाइल्यान्डसँग आवश्यक परे जवाफ दिने क्षमता रहेको पनि उल्लेख गर्नुभयो ।

थाइल्यान्ड र कम्बोडियाबीचको दशकौँ पुरानो सीमा विवाद गत वर्ष पटक-पटक हिंसात्मक झडपमा परिणत भएको थियो । डिसेम्बरमा भएको लडाइँमा दर्जनौँ मानिसको ज्यान गएको र करिब १० लाख मानिस विस्थापित भएका थिए । त्यसपछि डिसेम्बर २७ मा दुवै देश युद्धविराममा सहमत भएका थिए, जसअन्तर्गत सैन्य गतिविधि रोक्ने र सीमामा डिमाइनिङमा सहकार्य गर्ने प्रतिबद्धता गरिएको थियो ।

घटना भएको क्षेत्र 'एमराल्ड ट्रयाङ्गल भनेर चिनिने संवेदनशील सीमा इलाका हो, जहाँ थाइल्यान्ड, कम्बोडिया र लाओसको सिमाना जोडिन्छ । गत मे महिनामा यही क्षेत्रमा थाई सेनासँगको गोली हानाहानमा एक कम्बोडियाली सैनिक मारिएपछि सीमा तनाव पुनः चर्किएको थियो ।

युद्धविराम कायम रहे पनि दुवै देशबीच करिब ८०० किलोमिटर लामो सीमाको औपनिवेशिककालीन सीमाङ्कन विवाद अझै समाधान हुन बाँकी छ । कम्बोडियाले यसै महिना सिम रिप प्रान्तमा द्विपक्षीय सीमा समितिको बैठक प्रस्ताव गरेको छ भने थाइल्यान्डले फेब्रुअरी ८ पछि बन्ने नयाँ सरकारले सीमा सर्वेक्षण र सीमाङ्कनबारे छलफल अघि बढाउने सङ्केत गरेको छ ।

# भक्तपुरमा जन्मजात मुटु रोगबारे अवस्था

नेपाल एक विकासउन्मुख देश हो। आज पनि नेपालमा झाडा-पखाला, कीटजन्य रोग, तथा अन्य सङ्क्रामक रोगका कारण अकालमै धेरै बालबालिकाको मृत्यु भइरहेको छ। दिगो विकास लक्ष्य (SDG) २०३० अनुसार नेपालले स्वास्थ्यसँग सम्बन्धित लक्ष्य प्राप्त गर्न नवजात शिशु मृत्युदर १२ प्रति १,००० जीवित जन्म र पाँच वर्षमुनि बाल मृत्युदर २५ प्रति १,००० जीवित जन्ममा झार्नुपर्ने लक्ष्य लिएको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण (NDHS) २०२२ अनुसार नेपालमा बाल मृत्युदरमा क्रमिक सुधार देखिए तापनि सर्वेक्षणका अनुसार पाँच वर्षमुनि मृत्युदर प्रति १,००० जीवित जन्ममा ३३, शिशु मृत्युदर (IMR) २८ र नवजात शिशु मृत्युदर (NMR) २१ रहेको छ।

यी तथ्याङ्कहरूले शिशु तथा नवजात मृत्युदर अझै कुल बाल मृत्युदरको ठुलो हिस्सा ओगटिरहेको स्पष्ट पार्छन्। नेपाल सरकारमार्फत मृत्युदर घटाउने उद्देश्यले सङ्क्रामक रोग, कीटजन्य रोग तथा श्वासप्रश्वाससम्बन्धी रोगहरूमाथि केन्द्रित कार्यक्रमहरू सञ्चालनमा रहे पनि, जन्मजात रोगहरू, विशेषगरी जन्मजात हृदय रोगप्रति (Congenital Heart Disease - CHD) राज्यको ध्यान पर्याप्त पुगेको देखिँदैन। जन्मजात मुटु रोगले शिशु तथा बाल मृत्युदरमा उल्लेखनीय योगदान पुऱ्याउने गरेका प्रमाणहरू उपलब्ध छन्। समयमै पहिचान र उपचार नहुँदा CHD नवजात तथा शिशु अवस्थामा गम्भीर जटिलता र मृत्युको प्रमुख कारण बन्न सक्छ।

चिनियाँ वैज्ञानिक जियाओलि सु (Jiaoli Xu) को अध्ययनअनुसार सन् १९९० देखि २०२१ सम्म विश्वभर जन्मजात हृदय रोगको प्रसारदर प्रति १,००० जीवित जन्ममा ८ देखि ९ रहेको देखिन्छ। त्यसैगरी, नेपालमा गरिएको ओसन श्रेष्ठको अध्ययनले जन्मजात हृदय रोगको प्रसार दरप्रति १,००० जीवित जन्ममा करिब ७ रहेको देखाएको छ। यी तथ्याङ्कहरूले नेपालमा पनि CHD को बोझ उल्लेखनीय रहेको सङ्केत गर्दछ। यद्यपि, यसको पहिचान र व्यवस्थापनमा अझै सीमितता विद्यमान छ।


बाल मृत्युदरलाई घटाउन नवजात तथा विद्यालय उमेरका बालबालिकामा जन्मजात हृदय रोगको प्रारम्भिक परीक्षण (स्क्रिनिङ), समयमै रेफरल तथा गुणस्तरीय उपचार सेवाको पहुँच विस्तार अति आवश्यक देखिन्छ। यस्ता लक्षित हस्तक्षेपहरूले दिगो विकास लक्ष्य २०३० अन्तर्गत बाल मृत्युदर न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

चीन युनानको फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, चीनको फुवाइ कार्डियोभास्कुलर अस्पतालको दक्षिण पश्चिम शाखा हो। यो युनानको ट्रिपल ए (AAA), विशिष्टकृत अस्पतालको रूपमा परिचित छ। उक्त अस्पतालले विश्वका विभिन्न देशमा गई निःशुल्क जन्मजात मुटु रोगको प्रारम्भिक परीक्षण गर्ने गर्दछ। त्यसै सिलसिलामा नेपालमा “Nepal–China 'Love Heart Journey' Congenital Heart Disease screening and treatment project” अन्तर्गत रहेर विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा निःशुल्क जन्मजात मुटु रोगको प्रारम्भिक परीक्षणसहित उपचार पनि गर्दै आइरहेको छ। नेपालमा यस संस्थाले जन्मजात मुटु रोगको प्रारम्भिक परीक्षण पोखरा र दोलखामा सन् २०२३ र २०२४ सम्पन्न गरिसकेको छ।

युनान फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, अन्नपूर्ण न्युरो अस्पताल र ख्वप अस्पतालको प्राविधिक सहयोग र भक्तपुर नगरपालिकाको आयोजनामा यसपटक पुस ८ गतेबाट ११ गतेसम्म भक्तपुर नगरपालिकाका ९० वटा विद्यालयमा ३२,६४३ जना विद्यार्थीमध्ये ३०,६८३ जना (९३.९९ प्रतिशत) को मुटु परीक्षण गरिएको थियो।

उक्त शिविरलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न चार दिनको अवधिमा करिब ३२,६४३ विद्यार्थीको मुटु परीक्षण गर्ने उद्देश्यले हामीले १७ वटा केन्द्र तोकेका थियौँ। पहिलो दिन वागीश्वरी मावि, च्यामासिंह र कमलविनायकमा केन्द्र निर्धारण गरेका थियौँ। वागीश्वरी मावि कमलविनायकमा नजिकका १० वटा विद्यालयलाई समेटिएको थियो। त्यसैगरी, वागीश्वरी च्यामासिंहमा ६ वटा विद्यालयको केन्द्र थियो, उक्त केन्द्रमा विद्यालयहरूका विद्यार्थीहरूको मुटु परीक्षणपश्चात् दुई टोली पुनः नजिकैको केन्द्र न्यातापोल स्कूल र ख्वप्रिङ स्कूलमा केन्द्रमा तोकेका थियौँ। उक्त दिन अनुमान गरेअनुसार करिब ८,८१७ विद्यार्थीमध्ये ७,७१२ विद्यार्थीको मुटुको प्रारम्भिक परीक्षण भएको थियो।

शिविरको दोस्रो दिन आदर्श आजाद मावि, तारा मावि, सरस्वती विद्यागृह मावि र जेन्युइन सेकेन्डरी स्कूलमा केन्द्र निर्धारण गरी करिब ३६ वटा विद्यालयका १०,४२२ विद्यार्थीको मुटु परीक्षण गरिएको थियो। तेस्रो दिन पुस १० गते एभरेस्ट ई. स्कूल, प्रभात ई. स्कूल, बाल विकास ई. स्कूल, सैनिक आवासीय मावि, पद्म मावि र शारदा माविमा केन्द्र तोकेर २१ वटा विद्यालयका करिब ८,३३५ जना विद्यार्थीको मुटु परीक्षण गरिएको थियो। चौँथो तथा अन्तिम दिन भनपा वडा कार्यालय, मेधा मावि र आधारभूत स्वास्थ्य केन्द्र, सल्लाघारी केन्द्रमा १३ वटा विद्यालयका करिब ४,२१४ जना विद्यार्थीको मुटु परीक्षण गरिएको थियो।




*स्रोत : २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क*

### कसरी हुन्छ त जन्मजात मुटु रोगको परीक्षण ?


सामान्य बुझाइको भाषामा भन्नुपर्दा जन्मजात मुटु परीक्षण गर्ने विधिमध्ये उत्तम र सरल विधि भनेको स्टेथेस्कोप (Stethescope) ले मुटुको धड्कनको गतिको ध्वनि (Heart Murmur/Sound) सुन्नु हो, उक्त सुनाइमा मुटुको धड्कन असामान्य सुनिएको अवस्थामा निश्चित निदान (Confirmative Diagnosis) को लागि फेटल इकोकार्डियोग्राफी मेसिनले बालबालिकाको मुटु परीक्षण गरिन्छ र मुटुको असामान्य अवस्था पहिचान गरिन्छ। सामान्यतया १ जना विद्यार्थीलाई मुटु परीक्षण गर्न करिब ३० सेकेन्ड जति लाग्छ र असामान्य भएको खण्डमा १ मिनेट लाग्छ। फेटल इकोकार्डियोग्राफी मेसिनले ५ देखि १० मिनेटमा मुटुको अवस्थाबारे स्पष्ट चित्र प्रदान गर्छ र मुटुको अवस्थाबारे जानकारी दिन्छ। उक्त जाँचको निम्ति मुटु विशेषज्ञमात्रै योग्य हुन्छ।

यस शिविरमा १५ जना तालिम प्राप्त चिकित्सकहरूले विद्यार्थीको मुटुको धड्कन सुन्नेपश्चात् असामान्य धड्कन भएका विद्यार्थीहरूलाई थप परीक्षण गर्न चीनको पेइचिङ फुवाइ अन्तर्राष्ट्रिय कार्डियोभास्कुलर अस्पताल, नेपालका सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र र ख्वप अस्पतालका मुटु विशेषज्ञद्वारा इको कार्डियोग्राफ गरिएको थियो।

चारदिने प्रारम्भिक मुटु परीक्षणमा ३०,६८३ जना विद्यार्थीहरूमध्ये १,०७६ जना विद्यार्थीमा असामान्य मुटुको धड्कन मापन भएको थियो र जसमध्ये १४४ जनामा कुनै न कुनै प्रकारको जन्मजात मुटु रोग पहिचान भएको थियो। वागीश्वरी माविमा १८ जना विद्यार्थीमा जन्मजात मुटु रोगका बिरामी पहिचान भयो।

### जन्मजात मुटु रोगको छात्रा छात्र अनुपातको वृत्तचित्र

यस प्रारम्भिक परीक्षण शिविरको तथ्याङ्कले छात्र र छात्रा अनुपात हेर्दा १४४ जनामध्ये ६६ जना छात्रा र ७८ जना छात्र जन्मजात मुटु रोग पहिचान भएको छ।




*स्रोत : २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क*

भक्तपुर नगरपालिका नेवार जाति बाहुल्य क्षेत्र हो। यस प्रारम्भिक परीक्षण शिविरको तथ्याङ्कले पनि यसै सामाजिक संरचनालाई प्रतिबिम्बित गर्दछ, जसअनुसार ५२.८ प्रतिशत जन्मजात मुटु रोगका बिरामीहरू नेवार समुदायका रहेका छन् र दोस्रोमा ब्राह्मण क्षेत्री जाति र तेस्रोमा अन्य जनजाति र पाँचौँमा तामाङ जाति रहेको छ।

*टेबल नंः १ जन्मजात मुटु रोगबारे जातिगत विवरणको टेबल*

| जाति | संख्या | प्रतिशत |
|---|---|---|
| नेवार | ७६ | ५२.८ |
| ब्राह्मण क्षेत्री | २२ | १५.३ |
| जनजाती | १९ | १३.२ |
| तामाङ | १७ | ११.८ |
| दलित | ५ | ३.५ |
| ठकुरी | २ | १.४ |
| मधेसी | २ | १.४ |
| मुस्लिम | १ | ०.७ |
| जम्मा | १४४ | १०० |

*स्रोत : २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क*

यस प्रारम्भिक परीक्षण शिविरको तथ्याङ्कले भक्तपुर नगरपालिकामा जन्मजात हृदयरोग (Congenital Heart Disease) को उमेरगत वितरणमा स्पष्ट प्रवृत्ति देखाएको छ। कुल १४४ जना बिरामीमध्ये ५ देखि १५ वर्षको उमेर समूहले ५८.३ प्रतिशत (८४ जना) ओगटेको छ, जसले विद्यालयीय उमेरका बालबालिकामा यस रोगको प्रसार बढी रहेको सङ्केत गर्दछ। विशेषगरी १४ वर्ष (९.७ प्रतिशत), ७ वर्ष (९.० प्रतिशत) र ६ वर्ष (७.६ प्रतिशत) उमेरका बालबालिकामा सर्वोच्च प्रसार पाइएको छ।

**टेबल नंः २ जन्मजात मुटु रोगबारे उमेरअनुसार तालिका**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना | १ | ०.७ |
| २ वर्ष | १ | ०.७ |
| २.५ वर्ष | १ | ०.७ |
| ३ वर्ष | ७ | ४.९ |
| ४ वर्ष | १ | ०.७ |
| ५ वर्ष | १० | ७.९ |
| ६ वर्ष | ११ | ७.६ |
| ७ वर्ष | १३ | ९.० |
| ८ वर्ष | ५ | ३.५ |
| ९ वर्ष | ५ | ३.५ |
| १० वर्ष | ९ | ६.३ |
| ११ वर्ष | ८ | ५.६ |
| १२ वर्ष | ११ | ७.६ |
| १३ वर्ष | १० | ६.९ |
| १४ वर्ष | १४ | ९.७ |
| १५ वर्ष | ७ | ४.९ |
| १६ वर्ष | ४ | २.८ |
| १७ वर्ष | १ | ०.७ |

*स्रोत : २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क*

यस प्रारम्भिक मुटु परीक्षणबाट १४४ जनामा एक व्यक्तिलाई १ भन्दा बढी बहुप्रकार मुटु रोग हुनसक्छ। यो तथ्याङ्कले भक्तपुर जिल्लाको भक्तपुर नगरपालिकाका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा जन्मजात हृदय रोगको प्रचलित प्रकारहरूको स्पष्ट चित्र प्रस्तुत गर्दछ। एट्रियल सेप्टल डिफेक्ट (ASD) सबैभन्दा प्रचलित प्रकार हो, जसले १६१ पुष्टि भएकामध्ये ६६ (४५.८८ प्रतिशत) जनामा देखिएको छ र भेन्ट्रिकुलर सेप्टल डिफेक्ट (VSD) २९ (२०.१ प्रतिशत) जनामा सहित दोस्रो स्थानमा देखिएको छ। पेटेन्ट फोरामेन ओभेल (PFO), पेटेन्ट डक्टस आर्टेरियोसस (PDA), क्रमशः रहेका छन्। साथै ९ जनाले मात्रले शल्यक्रिया गरेको तथ्याङ्क रहेको छ, जसले यो जनस्वास्थ्य समस्याको अधिकांश भाग निदान र उपचारबाट वञ्चित नै रहेको सङ्केत गर्छ।

**टेबल नंः ३ जन्मजात मुटु रोगबारे रोगका प्रकारअनुसार विवरण**

| रोगकोप्रकार | संख्या |
|---|---|
| ASD | ६६ |
| VSD | २९ |
| PFO | १३ |
| PDA | ७ |
| Post Operation | ९ |
| BAV | ४ |
| Arrhythmia | १३ |
| Slightly Myxomatous MVTrace | ५ |
| Other | १५ |
| जम्मा | १६१ |

*स्रोत : २०८२ पुस ८ देखि ११ गतेसम्मको शिविरको तथ्याङ्क*

यस अध्ययनको लक्ष्य समाजमा लुकेर बसेका जन्मजात मुटु रोगको पहिचान गर्नु हो र उपचार आवश्यक भएको केशलाई समयमा नै उपचारको लागि सिफारिस गर्नु हो।

३ महिनादेखि ४ वर्षसम्मका साना बच्चाहरूमा पनि ६.९ प्रतिशत बिरामी रहेकोले शिशु अवस्थादेखि नै जाँचको आवश्यकता रहेको देखिन्छ। यी तथ्याङ्कले स्कूल-केन्द्रित हृदय स्वास्थ्य जाँच कार्यक्रम र जन्मेदेखि नै नियमित अनुगमनको आवश्यक ठान्छ। हामीले केही परिवारका सदस्यहरूलाई अन्तर्वार्ता लिँदा अधिकांश सदस्यहरू यस रोगबारे अनभिज्ञ थिए। यस विषयले हाम्रो देशमा जन्मजात मुटु रोगबारे जनचेतना फैलाउने कार्यक्रम सञ्चालन अति आवश्यक देखिएको छ।

अन्तमा, यस प्रकारको प्रारम्भिक मुटु परीक्षण शिविर नेपालका सम्पूर्ण जिल्लामा आयोजना गरिनुपर्दछ। दिगो विकास लक्ष्य प्राप्तिको निम्ति सरकारले पनि यस विषयलाई विशेष ध्यान दिन जरूरी छ। मुटुको प्रारम्भिक परीक्षण स्वास्थ्य कार्यक्रममा नै समावेश गर्न जरूरी देखिन्छ। सूचना प्रविधिको उच्चतम प्रयोगले रोग र रोकथामबारे जानकारी दिनु जरूरी छ। स्वस्थ मुटु, स्वस्थ जीवन भविष्यको विकासको निम्ति आवश्यक आधार हो।

*व्यङ्ग्यचित्रको कुनो*




# एपस्टेन फाइल सार्वजनिक हुन ढिलाइ

वासिङ्टन, २२ पुस (एएफपी)। अमेरिकी न्याय मन्त्रालयले दोषी ठहर भइसकेका यौन अपराधी जेफ्री एपस्टेनसँग सम्बन्धित २० लाखभन्दा बढी कागजातहरू अझै पनि समीक्षाको प्रक्रियामा रहेको जनाएको छ। ती सबै फाइल सार्वजनिक गर्ने समयसीमा थप दुई हप्ताभन्दा बढी सारिएको विभागले सोमबार जानकारी दिएको हो।

मन्त्रालयले गत महिना बदनाम फाइनान्सर एपस्टेनमाथि दशकौँसम्म गरिएको अनुसन्धानसँग सम्बन्धित कागजातहरू सार्वजनिक गर्न सुरु गरेको थियो। तर एपस्टेन फाइल ट्रान्सपरेन्सी ऐनअनुसार तोकिएको डिसेम्बर १९ को अन्तिम म्याद पूरा गर्न विभाग असफल भएको थियो।

सोमबार सङ्घीय न्यायाधीशलाई पठाइएको पत्रमा मन्त्रालयका अधिकारीहरूले २० लाखभन्दा बढी कागजातहरू अहिले पनि समीक्षाका विभिन्न चरणमा रहेको उल्लेख गरेका छन्। पत्रअनुसार हालसम्म १२ हजार २८५ कागजात सार्वजनिक गरिएको छ, जसमा करिब एक लाख २५ हजार पृष्ठ समावेश छन्। यो सङ्ख्या हाल समीक्षामा रहेका कागजातहरूको एक प्रतिशतभन्दा पनि कम हो। यसलाई ट्रम्प प्रशासनले उक्त फाइलमाथि आफ्नो अनुकुल छलखेल गरिराखेको विपक्षीहरूले आरोप लगाएका छन्।

मन्त्रालयले डिसेम्बर २४ मा प्रारम्भिक समीक्षामा समावेश नगरिएका १० लाखभन्दा बढी अतिरिक्त फाइलहरू पहिचान गरेको जनाएको छ। तीमध्ये केही कागजात दोहोरिएका (डुप्लिकेट) देखिए पनि तिनको 'प्रशोधन र डिडुप्लिकेसन' अझै आवश्यक रहेको पत्रमा उल्लेख गरिएको छ।

महान्यायाधिवक्ता पाम बोन्डी र अन्य सम्बन्धित अधिकारीहरूले हस्ताक्षर गरेको पत्रमा 'अझै पनि पर्याप्त काम बाँकी छ' भनेर स्पष्ट गरिएको छ। विभागका अनुसार ४०० भन्दा बढी मन्त्रालयका वकिलहरूले आगामी केही हप्तासम्म यी कागजातहरूको विस्तृत समीक्षा गर्नेछन्।

यसका साथै 'संवेदनशील पीडित जानकारी' सुरक्षित रूपमा ह्यान्डल गर्न विशेष तालिम प्राप्त कम्तीमा १०० जना एफबिआई कर्मचारीले यस प्रयासमा सहयोग गर्नेछन्। मन्त्रालयले पीडितहरूको पहिचान खुल्न सक्ने विवरणलाई विशेष सावधानीका साथ जाँच गर्नुपर्ने भएकाले समीक्षा प्रक्रिया समयसापेक्ष भएको जनाएको छ।

यसबीच राष्ट्रपति डोनाल्ड ट्रम्पले एपस्टेनसँग सम्बन्धित सबै फाइल समयमै सार्वजनिक गर्न नसकेको विषयलाई लिएर डेमोक्रेट दलबाट कडा दबाबको सामना गरिरहनुभएको छ। तर ट्रम्प प्रशासनले पीडितहरूको गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गर्नु आफ्नो प्रमुख जिम्मेवारी भएकाले ढिलाइ भएको भन्दै आफ्नो कदमको बचाउ गरेको छ।

सोमबारको पत्रमा मन्त्रालयका अधिकारीहरूले एपस्टेन फाइलहरू 'पीडितको पहिचान गर्ने जानकारी' हटाउनका लागि म्यानुअल रूपमा समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याउँदै यही कारणले प्रक्रिया अपेक्षाभन्दा लामो भएको स्पष्ट पारेका छन्।

# मन्त्री कि राजनीतिज्ञ ? प्रधानमन्त्री कार्कीले घिसिङ, खरेल र गुप्तालाई बाटो छान्न भनिन्

काठमाडौँ, २२ पुस। सोमबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक गतिविधिमा सक्रिय देखिएका मन्त्रीहरूलाई सरकारबाट बाहिरिन निर्देशन दिइन्।

चुनाव नजिकिँदै जाँदा सरकारमै बसेर दलगत राजनीति गर्न खोजेपछि प्रधानमन्त्रीले राजनीतिक गतिविधिमा सहभागी मन्त्रीहरूलाई पद त्याग्न भनिन्।

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारमा विशेषगरी तीन मन्त्री कुलमान घिसिङ, जगदीश खरेल र बब्लु गुप्तामाथि प्रश्न उठ्ने गरेको छ। त्यसमा पनि घिसिङ र गुप्ता राजनीतिकरूपमा सक्रिय देखिन्छन्।

रास्वपाको पछिल्लो एकतामा कुलमानलाई पार्टीको वरिष्ठ उपसभापति बनाइएको छ। त्यसअघि कुलमान उज्यालो नेपाल पार्टीका संरक्षक थिए। उनकै पहलमा दुई पार्टीबिच एकता भएको हो।

तर, कुलमान आफैँले भने सरकार छाड्न दबाब बढिरहेको भएपनि राजीनामा नदिने अडान लिएका छन्। मङ्गलबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा घिसिङले आफू आजका मितिसम्म कुनै पनि राजनीतिक दलको सदस्य नरहेको दाबी गर्दै सरकारमै रहने बताए।

पत्रकारहरूले दलको नेताको हैसियतमा सरकारमा बस्नु उपयुक्त हो ? भनेर प्रश्न गरेपछि वातावरण केही तनावग्रस्त बनेको थियो। आयोजकले राजनीतिक प्रश्न गर्न नपाइने भन्दै माइक खोस्दा पनि पत्रकारले प्रश्न जारी राखे।

त्यसपछि उनले छोटो तर स्पष्ट शब्दमा भने, "यो मञ्चमा उभिएको समयसम्म, आजको दिनसम्म म कुनै पनि पार्टीको सदस्य छैन।"

# सामाजिक सद्भाव कायम राख्न आयोगको सरकारलाई निर्देशन

काठमाडौँ, २२ पुस। राष्ट्रिय मानवअधिकार आयोगले साम्प्रदायिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक हिंसा भड्किन सक्ने सम्भावित घटनालाई रोकी सामाजिक सद्भाव कायम राख्न सरकारलाई निर्देशन दिएको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले मङ्गलबार जारी गरेको प्रेस विज्ञप्तिमा साम्प्रदायिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक हिंसा भड्किन सक्ने सम्भावित घटना रोक्नका लागि संयमित भई कार्य गर्न र घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई निर्देशन दिइएको छ।

"व्यक्तिको मानमर्यादा, प्रतिष्ठा र सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धताको सम्मान गर्दै विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्न, घटनाको गाम्भीर्यताप्रति संवेदनशील हुँदै संयमता अपनाउन, सामाजिक सद्भाव कायम राख्न, धार्मिक सामाजिक सद्भाव कायम हुने क्रियाकलाप र गतिविधि गर्न आयोग राजनीतिक दल, धार्मिक सङ्घसंस्था, धर्म गुरु, धार्मिक एवं सामाजिक अभियन्ता तथा नागरिक समाजलाई अनुरोध गर्दछ", विज्ञप्तिमा भनिएको छ, "साथै, एकापसमा देखिएका विमतिहरूको समाधान वार्ताको माध्यमबाट खोज्नसमेत आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ।"

# ग्रिनल्यान्डबारे ट्रम्पको भनाइमा युरोपको कडा आपत्ति

बर्लिन, २२ पुस (एपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्डलाई संयुक्त राज्य अमेरिकाले अधिग्रहण गर्नुपर्ने भनी दिएको अभिव्यक्तिप्रति युरोपेली नेताहरूले कडा असहमति जनाएका छन्। उनीहरूले रणनीतिक तथा खनिज-सम्पन्न आर्कटिक टापु ग्रिनल्यान्ड त्यहाँका जनताको स्वामित्वमा रहेको पुनः स्पष्ट गरेका छन्।

फ्रान्स, जर्मनी, इटाली, पोल्यान्ड, स्पेन र संयुक्त अधिराज्यका नेताहरूले डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनसँग ऐक्यबद्धता जनाउँदै डेनमार्क राज्यअन्तर्गतको स्वशासित क्षेत्र ग्रिनल्यान्डको सार्वभौमिकताको दृढतापूर्वक रक्षा गर्नुपर्नेमा जोड दिनुभएको छ।

ट्रम्पको हालैको टिप्पणीपछि युरोपेली नेताहरूले संयुक्त विज्ञप्ति जारी गर्दै ग्रिनल्यान्ड कुनै पनि बाह्य शक्तिको अधिग्रहणको विषय हुन नसक्ने बताएका छन्।

यसैबिच, ह्वाइट हाउसका स्टाफका उपप्रमुख स्टिफन मिलरले सोमबार ग्रिनल्यान्ड संयुक्त राज्य अमेरिकाको हिस्सा हुनुपर्ने धारणा दोहोर्‍याए। उनले राष्ट्रपति ट्रम्प यस विषयमा महिनौँदेखि स्पष्ट रहँदै आएको बताए। सिएनएनसँगको अन्तर्वार्तामा मिलरले ग्रिनल्यान्डलाई अमेरिकाको समग्र सुरक्षा संरचनाको महत्त्वपूर्ण अङ्गका रूपमा राष्ट्रपति हेर्ने गरेको उल्लेख गरे।

तर डेनमार्ककी प्रधानमन्त्री फ्रेडरिक्सनले यसअघि नै ग्रिनल्यान्डमाथि अमेरिकी अधिग्रहणको प्रयास नाटो सैन्य गठबन्धनको अन्त्य सरह हुने चेतावनी दिनुभएको थियो। उहाँका अनुसार यस्तो कदमले युरोप र अमेरिका बीचको दीर्घकालीन सुरक्षा सहकार्यमा गम्भीर असर पार्न सक्छ।

डेनमार्कका नेताहरू, ग्रिनल्यान्डका प्रधानमन्त्री तथा अन्य युरोपेली नेताहरूले सप्ताहन्तमा भेनेजुयलामा भएको अमेरिकी सैन्य कारबाहीपछिको पृष्ठभूमिमा ट्रम्पले ग्रिनल्यान्डलाई अमेरिकी नियन्त्रणमा ल्याउने नयाँ आह्वान गरेपछि त्यसलाई एक स्वरमा अस्वीकार गरेका हुन्। उनीहरूको भनाइमा ग्रिनल्यान्डको भविष्य त्यहाँका जनताले नै तय गर्ने अधिकार राख्दछन् र त्यसमा बाह्य दबाब स्वीकार्य हुन सक्दैन।

युरोपेली नेताहरूले ग्रिनल्यान्डको रणनीतिक महत्त्व स्वीकार गरे पनि त्यसको सार्वभौमिकता र स्वशासनको सम्मान अन्तर्राष्ट्रिय नियम र साझेदारीको आधार भएको स्पष्ट पार्दै यस विषयमा आफ्नो अडानबाट पछि नहट्ने सङ्केत दिएका छन्।

***भक्तपुरलाई...***

साथी सङ्गतका कारण लागुपदार्थको दुर्व्यसनी तथा आपराधिक क्रियाकलापमा नयाँ पुस्ता संलग्न भइरहेका गुनासाहरू आइरहेको सन्दर्भमा प्रमुख प्रजापतिले अभिभावकहरूलाई आफ्ना छोराछोरीहरूसँग सहज व्यवहार गर्न र तिनको भावना बुझेर काम गर्न अनुरोध गर्नुभयो।

आन्तरिक एवम् बाह्य पर्यटकहरूका लागि भ्रमणको पहिलो सर्त नै शान्ति सुरक्षा रहने उहाँले बताउनुभयो। प्रमुख प्रजापतिले भन्नुभयो, "भदौ २३ र २४ गते देशमा भएको आन्दोलन र आगजनीका कारण नेपालको भ्रमण तालिका स्थगित गर्नेहरू धेरै देखिए।"

उहाँले अपराधमा संलग्न भएकाहरूलाई समयमै अपराध कर्मबाट मुक्त गर्ने उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिँदै उनीहरू ढिलो वा चाँडो कानुनी फन्दामा पर्ने निश्चित भएको प्रस्ट पार्नुभयो।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले विद्यालय, कलेज र अस्पताल क्षेत्र वरपर चुरोट, रक्सी जस्ता लागुपदार्थ र मादक पदार्थ बिक्री वितरण एवम् सेवन गर्न नहुने नियम रहेको चर्चा गर्दै मर्यादित एवम् कानुनी रूपले वैध व्यवसाय मात्र गर्न सबैमा अनुरोध गर्नुभयो। नयाँ पुस्ता कुलत र अपराधमा लाग्दा समाज असुरक्षित बन्ने र त्यसले सबैलाई असर पार्ने उहाँको भनाइ थियो।

स्थानीय जनता, युवा, विद्यार्थी र शिक्षक तथा सुरक्षा निकायकसँग पनि समाजलाई सरक्षित गर्ने विषयमा छलफल भइरहेको उल्लेख गर्दै वडाध्यक्ष ज्याख्वले डेरामा बस्ने व्यक्तिहरूको विवरण वडा कार्यालयमा जानकारी दिनुपर्ने र व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

जिल्ला प्रहरी कार्यालय भक्तपुरका सरस्वती दङ्गालले लागुपदार्थ दुर्व्यसनी र अन्य अपराधको अवस्थाबारे जानकारी दिँदै दुर्व्यसनीबाट छुटकारा गराउन अभिभावकहरू सचेत बन्नुपर्ने र यस्ता विषयहरू लुकाउन नहुनेमा जोड दिनुभयो। उहाँले अपराध र दुर्व्यसनीसम्बन्धी कानुनी प्रावधानहरूका बारेमा पनि जानकारी दिनुभयो।

कार्यपालिका सदस्य छोरीमैया सुजखू (प्रजापति) ले नयाँ बस्तीमा रहनुहुने बासिन्दाहरूबिच आपसी सहयोगको भावना विकास गरी सामाजिक सद्भाव कायम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले आवास क्षेत्रमा अवाञ्छित क्रियाकलाप र सडक दुर्घटना न्यूनीकरणसम्बन्धी नगरपालिकाले गरेका प्रयासहरूका बारेमा जानकारी दिनुभयो।

***भेनेजुयलामाथि...***

समाजको मार्गदर्शक तथा अगुवा भएको कारण देश विदेशका सामाजिक, आर्थिक तथा राजनीतिक घटनाप्रति चासो राख्नुपर्ने बताउनुभयो।

अमेरिकाले भेनेजुयलाका राष्ट्रपतिलाई लगाइएको आरोप झूटो भएको उल्लेख गर्दै उहाँले भेनेजुयलामा रहेको अजस्र प्राकृतिक स्रोत तेल र खनिजमाथि आफ्नो कब्जा जमाउने उद्देश्यले अमेरिकाले भेनेजुयलाका राष्ट्रपतिलाई अपहरण गरेको हो भन्नुभयो। उक्त कार्य अत्यन्तै घृणित र निन्दनीय रहेको कुरा विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले बताउनुभयो।

दक्षिण अमेरिकी महादेश भेनेजुयला झण्डै २०० वर्षदेखि स्वतन्त्र र स्वाधीन रहिआएको प्राकृतिक स्रोत साधनले सम्पन्न एक स्वतन्त्र मुलुक हो।

***सुरक्षा...***

अमेरिकाले भेनेजुयलामाथि गरेको सैनिक कारबाहीले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रप्रतिको आदरको कमी रहेको बताउनुभयो।

संयुक्त राष्ट्र सङ्घका निम्ति रुसी महासङ्घका स्थायी प्रतिनिधि भासिली नेभ्यान्जा, सोमालियाका राजदूत अबुकार दाहिर, दक्षिण अफ्रिका, कोलम्बिया, भेनेजुयला, क्युवालगायत परिषद्का बहुमत देशका राजदूतहरूले अमेरिकी कदमको विरोध र निन्दा गरेका छन्।

अमेरिकी कदमको विरोधमा क्युवाले बढाएको प्रस्तावमाथि संरा अमेरिकाले भिटो प्रयोग गरी रद्द गरिदियो।

त्यस्तै असंलग्न राष्ट्र सङ्गठन (एनएएम) को संयोजन विभागले एक विज्ञप्ति जारी गरी संरा अमेरिकाले भेनेजुयलामाथि गरेको साम्राज्यवादी आक्रमणकारी कदमको कडा विरोध गरेको छ।

**हार्दिक समवेदना**



जन्म: २०५७/०४/०९
निधन: २०८२/०९/०१

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. २ टेखापुखु टोल बस्ने यस संस्थाका सदस्यता नं. ८२७६ का सदस्य **विजय खर्बुजा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

**हार्दिक समवेदना**



जन्म: २०१८/११/२३
निधन: २०८२/०९/१४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ८ महेश्वरी टोल बस्ने यस संस्थाका सदस्यता नं. ११२७७ का सदस्य **रामचन्द्र लवजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

**समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन**

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा